# प्रदेश सभा
# प्रदेश मामिला समिति
# वार्षिक प्रतिवेदन,२०७६




प्रदेश सभा

प्रदेश मामिला समिति

प्रदेश नं. ३

मकवानपुर, हेटौडा

# प्रदेश सभा
# प्रदेश मामिला समिति
# वार्षिक प्रतिवेदन,२०७६

प्रदेश सभा

प्रदेश मामिला समिति

प्रदेश नं. ३

मकवानपुर, हेटौडा

# प्रदेश सभा
# प्रदेश मामिला समिति
## प्रदेश नं. ३
## हेटौंडा, मकवानपुर

**माननीय सभामुख महोदय,**

प्रदेश मामिला समितिले समिति गठन भए देखि हालसम्मको अवधिमा सम्पादन गरेका कार्यहरु समेटी प्रदेश सभा नियमावली वमोजिम वार्षिक प्रतिवेदन पेश गर्न गई रहेको व्यहोरा निवेदन गर्दछु। प्रदेश सभा नियमावलीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम कार्यवाहीका साथै उपभोक्ताको हितको विषय माथि संसदीय निगरानी गर्ने तथा सरकारवाट पेश भएका विधेयकहरु माथि छलफल तथा विशेषज्ञको सुझाव समेत समेटि सभामा प्रतिवेदन पेश गर्ने, ऐनवाट निर्देशित गरेका नियमावली, निर्देशिका, आदेश आदि प्रत्यायोजित व्यवस्थापन सम्वन्धी कार्यहरुका साथै मन्त्रालय तथा निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, राजश्व र व्यय सम्बन्धी अनुमान तयार गर्ने तरिका, सार्वजनिक सम्पत्तिको हिनामिना हुन नदिने साथै प्रचलित ऐन, नियम बमोजिम भए गरेका काम कारवाहीहरुलाई पारदर्शी र जनताप्रति उत्तरदायी बनाउने जिम्मेवारी प्रदान गरे बमोजिम समितिले आफ्ना छलफल र निर्देशनहरुलाई केन्द्रीत गरेको छ।

**सभामुख महोदय,**

तीन तह सहितको संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था नेपालको लागि नितान्त नौलो शासन व्यवस्था हो। तर सवैले सक्रिय र ईमान्दारीपूर्वक काम गरे यो व्यवस्थाले देशको समग्र विकास र समृद्ध नेपाल वनाउन सहजता मिल्ने विश्वास लिएको छु। हामी अहिले यो शासन व्यवस्थाको कार्यान्वयनको चरणमा छौं र यति वेला हामी सवैले आ-आफ्नो ठाउंवाट सुशासन, पारदर्शिता, जवाफदेहिता र संवेदनशीलता तथा भ्रष्टाचार प्रति शून्य सहनशीलताको नीतिलाई कडाईपूर्वक कार्यान्वयन गरी सीमित साधन र श्रोतको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धि र दिगो विकासको गतिलाई अगाडि वढाउनु पर्ने चुनौती आएकोछ। यसको लागि कडा आर्थिक अनुशासन र कानूनी प्रकृयाको पालना गर्नु गराउनु आवश्यक देख्दछु।

**सभामुख महोदय,**

प्रदेशमा सुशासन कायम गर्न, आवश्यक मात्रामा दक्ष कर्मचारीको व्यवस्थापन गर्न, प्रदेशको भौतिक विकासको गतिलाई अगाडि वढाउन, आवश्यक कानूनहरु समयमै निर्माण सम्पन्न

गर्न अन्तर मन्त्रालय समन्वयका साथ कार्य गर्न जरुरी छ। साथै उपभोक्ताको हित संरक्षण सम्वन्धी विषय सरकारको कम प्राथिमकतामा परेको देखिन्छ। तसर्थ यस कार्यका लागि छुट्टै अनुगमनकारी संयन्त्रको व्यवस्था गरिनुपर्ने आवश्यकता छ। यिनै समस्याहरुको विषयमा समितिले मन्त्रालयहरुलाई आवश्यक निर्देशन दिने र राय सुझाव उपलब्ध गराउने कार्य गरेको थियो। समितिले वार्षिक रुपमा सम्पादन गरेका कार्यहरुका साथै नीतिगत मूल्याङ्कनमा देखिएका समस्याहरु र तिनको समाधानका लागि सुझावहरु यस प्रतिवेदनमा सिफारिस गरिएको छ। समितिको यस अवधिमा नयाँ संरचनाको अभ्यास तथा कानूनी रिक्तता पुरा गर्नुपर्ने विशेष परिस्थितिले गर्दा अपेक्षित भूमिका निर्वाह गर्न नसकेतापनि थुप्रै अनुभवहरु हासिल भएका छन्। आगामी दिनमा अझ गम्भिर रुपले मेहनत गर्नुपर्ने हामी सबैलाई महशुस भएको छ। विभिन्न मितिमा गरी समितिको बैठक जम्मा ३० पटक वसेको थियो भने समितिले विभिन्न समयमा गोष्ठि तथा सेमिनार गर्ने तथा आवश्यक कानूनका नमुनाहरु तयार गरी मन्त्रालयलाई सहयोग समेत गरेको थियो।

**सभामुख महोदय,**

अन्तमा समितिको कार्य सम्पादनमा सहयोग पुर्याउनुहुने प्रदेश सभाका माननीय सभामुख, माननीय उपसभामुख, प्रतिवेदन लेखन उपसमिति, आ-आफ्नो जिम्मेवारी निर्वाह गरी समितिलाई विशेष सहयोग पुर्याउनुहुने समितिका सम्पुर्ण माननीय सदस्यहरु, सम्वन्धित मन्त्रालयका माननीय मन्त्री एवं पदाधिकारीहरु, प्रदेश सभाका सचिव, समिति सचिव, लगायत सचिवालयमा कार्यरत सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। त्यसैगरी सरोकारवाला एवं सहयोगीहरु, उपभोक्ताकर्मीहरु, सञ्चारकर्मीहरु सवैलाई धन्यवाद दिदै प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ ले प्रदान गरेको जिम्मेवारी वमोजिमको प्रतिवेदन सोही नियमावलीको नियम १५८ बमोजिम सम्मानित सदनमा प्रस्तुत गर्दछु।

धन्यवाद

मितिः २०७६।२।३१

(माधव प्रसाद पौडेल)
सभापति
प्रदेश मामिला समिति

# प्रदेश सभा
# प्रदेश मामिला समिति

## <u>सभापति</u>

मानननीय माधव प्रसाद पौडेल

सदस्यहरुः

| क्र.सं. | नाम, थर |
|---|---|
| १ | मा० अष्टलक्ष्मी शाक्य |
| २ | मा० ईन्द्र बहादुर बानिया |
| ३ | मा० केशव राज पाण्डे |
| ४ | मा० गीता वाग्ले |
| ५ | मा० छिरिङ्ग दोर्जे लामा |
| ६ | मा० जुनेली माया श्रेष्ठ |
| ७ | मा० प्रदीप कुमार कटुवाल क्षेत्री के. सी. |
| ८ | मा० बुद्धिमान माझी |
| ९ | मा० भावना सुवेदी |
| १० | मा० मिलनबाबु श्रेष्ठ |
| ११ | मा० योगेन्द्रराज संग्रौला |
| १२ | मा० रचना खड्का |
| १३ | मा० राजकाजी महर्जन |
| १४ | मा० डा० राजेन्द्रमान श्रेष्ठ |
| १५ | मा० राधा घले |
| १६ | मा० रामेश्वर फुयाल |
| १७ | मा० रिना गुरुङ्ग |
| १८ | मा० विशाल खड्का |
| १९ | मा० सुरेन्द्रराज गोसाई |
| २० | मा० ज्ञानेन्द्र शाक्य |
| २१ | श्री बिनोद पौडेल -समिति सचिव |

## विषय सूची

परिच्छेद-१

प्रारम्भिक


१.१ पृष्ठभूमिः १

१.२ समितिको गठनः १

१.३ समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकारः २

  १.३.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको कार्यक्षेत्रः २

  १.३.२ आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यक्षेत्रः ३

  १.३.३ उपभोक्ताको हितसँग सम्वन्धित कार्यहरुः ५

१.४ समितिको कार्यविधिः ७

१.५ सीमाः ७

परिच्छेद-२

समितिबाट सम्पादित मुख्य कार्यहरु

२.१ मन्त्रालयसंग सम्वन्धित कार्यहरुः ८

२.२ विधायन सम्वन्धी कार्यहरुः ८

२.३ समितिले गरेका कार्यशाला/परामर्श/सेमिनार र गोष्ठि सम्वन्धी विवरणः ९

परिच्छेद-३

समितिका निर्णय एवं निर्देशनहरु

३.१ समितिका विभिन्न बैठकका निर्ययहरुः १३

परिच्छेद-४

समितिको मूल्याङ्कन एवं देखिएका समस्याहरु

४.१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसंग सम्बन्धित नीति तथा कार्यक्रम मूल्याङ्कन २१

४.२ आन्तरिक मामिला तथा कानून मन्त्रालयसंग सम्बन्धित नीति तथा कार्यक्रम मूल्याङ्कन २२

४.३ उपभोक्ता हित संग सम्बन्धित नीति तथा कार्यक्रम मूल्याङ्कन २४

परिच्छेद-५

सुझावहरु एवं निष्कर्ष

५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसंग सम्बन्धी सुझावः २६

५.२ आन्तरिक मामिला तथा कानून मत्रालयसंग सम्बन्धी सुझावः २९

५.३ निष्कर्षः ३१

अनुसूची-१

प्रदेश मामिला समितिको आन्तरिक कार्यविधि, २०७५ ३३

अनुसूची-२

समितिको कार्यक्षेत्र अन्तर्गतका मन्त्रालयहरुको कार्यप्रगति विवरण ३८

अनुसूची-३

समितिको वार्षिक कार्ययोजना तथा अनुमानित खर्च विवरण ४३

अनुसूची-४

प्रदेश नं. ३ को प्रदेश सरकार अन्तर्गतका कार्यालय र कर्मचारी दरवन्दी विवरण ४५

# परिच्छेद-१
## प्रारम्भिक

### १.१ पृष्ठभूमिः

कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी र जवाफदेही बनाउन तथा कार्यपालिकावाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सुझाव दिन व्यवस्थापिकामा विभिन्न विषयगत तथा विषेश समितिहरु गठन हुने प्रावधान रहेको छ।

सोही अनुसार  प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि प्रदेश सभामा गठन गरिएका विभिन्न विषयगत समितिहरुको रुपमा प्रदेश मामिला समितिको गठन भएको हो। समितिको कार्य क्षेत्र अर्न्तगत रहेका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा अन्तर्गतका निकायहरु र उपभोक्ता हित संरक्षण सम्वन्धी विषयहरु सम्वन्धमा नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्ने जिम्मेवारी यस समितिको रहेको छ।

संविधानतः सरकार र संसद एक अर्काका परिपूरकका रुपमा रहेका छन्। राज्यका यी दुई अङ्ग शक्ति पृथकीकरण एवं शक्ति सन्तुलन र नियन्त्रणका सिद्धान्त अनुरुप एक आपसमा नियन्त्रित र सन्तुलित रुपमा कार्य गर्दछन। संसदले सरकार वनाउँने हुँदा सरकार सदैव संसदप्रति उत्तरदायी रहन्छ भने संसद पनि आफूले नै सरकार वनाएको हुँदा उसका क्रियाकलापहरुप्रति सचेत र जिम्मेवार रहन्छ। बस्तुतः संसदीय समितिहरु मार्फत नै सरकारको संसदप्रतिको उत्तरदायित्व निरुपण गर्दछ र सरकारका नीति तथा कार्यक्रम र क्रियाकलापहरुलाई विद्यमान नीति, नियम र ऐन कानूनको कसीमा जाँच गरी कार्यक्रमहरुको लागत, लाभ र उपलब्धिका दृष्टिकोणले समेत समग्र प्रभावको संसदीय निगरानी समितिले गर्ने क्रममा यस समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा उपभोक्ता हित संरक्षणको संसदीय निगरानी गरिरहेको छ।

### १.२ समितिको गठनः

नेपालको संबिधानको धारा १९३ बमोजिम प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ मा व्यवस्था भए अनुसार प्रदेश सभाको मिति २०७४ फागुन १५ गते बसेको बैठकको सहमति बमोजिम माननीय सभामुखबाट यस समितिका सदस्यहरुको मनोनयन भएको थियो। माननीय सभामुखले प्रदेश सभाको सहमति लिई पदेन सदस्य बाहेक बढीमा बाइस जना

सदस्यहरु मनोनयन गर्ने कानूनी व्यवस्था अनुसार यस समितिमा हाल सभापति सहित एक्काइस जना मा० सदस्यहरु रहनु भएको छ। प्रदेश सभा नियमावली, २०७४ को नियम १४९ वमोजिम मिति २०७४ चैत्र १५ गते भएको सभापतिको निर्वाचनमा माननीय माधव प्रसाद पौडेल निर्विरोध निर्वाचित हुनुभएको थियो।

**१.३ समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकारः**

प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ (१) बमोजिम समितिको कार्यक्षेत्र निम्न बमोजिम रहेको छ।

समितिको कार्यक्षेत्र भित्र रहेका २ वटा मन्त्रालय र उपभोक्ताको हित सम्वन्धी विषय समेत परेको तथा उनीहरुले सम्पादन गर्ने कार्य समेत यस समितिको कार्यक्षेत्र पर्ने देखिन्छ। त्यसकारण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र उपभोक्ताको हितको सवाल यस समितिको कार्य क्षेत्र रहेकोले मूलतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको उपभोक्ता हित संरक्षण निर्देशनालय साथै बस्तु तथा सेवाहरुको उपभोग र सरकारी सेवा प्रवाह वा सेवा उपभोग गर्ने सेवाग्राही (उपभोक्ता) को हिसावले अन्य मन्त्रालयहरु समेत यस समितिको कार्य क्षेत्र भित्र पर्ने हुन्छ। समितिको कार्यक्षेत्र भित्रका मन्त्रालयको कार्यक्षेत्र देहाय वमोजिम रहेको छ।

**१.३.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्रः**

१. प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्वन्धी,

२. प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,

३. प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन,

४. प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वय, अनुगमन र मूल्याङ्कन,

५. प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,

६. प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण,

७. प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,

८. प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,

९. प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र त्यसको सम्बोधन,

१०. मानव अधिकार संरक्षण र प्रवर्द्धन,

११. सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार,

१२. संवैधानिक निकाय तथा आयोग, प्रदेश लोकसेवा आयोग र संघीय तथा प्रदेशिक आयोगसँगको सम्पर्क र समन्वय,

१३. संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा वहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन,

१४. प्रदेश प्रमुखको सम्पर्क सम्वन्धी विषय (प्रतिवेदन समेत),

१५. अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,

१६. प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवं सेवा, सुविधा सम्वन्धि नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन,

१७. निर्वाचन कार्यमा सहयोग र समन्वय,

१८. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,

१९. प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन नीति, कानून तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन,

२०. प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण,

२१. प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय,

२२. प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन,

२३. गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा।

**१.३.२ आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यक्षेत्रः**

१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,

४. संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन,

५. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय,

६. कानून, न्याय तथा प्रदेश सभा मामिला सम्वन्धी ,

७. प्रदेशसभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्वन्धी,

८. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

९. आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धन सहयोग,

१०. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,

११. सामुदायिक प्रहरी,

१२. प्रदेश भित्रको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन र यातायात क्षेत्रको सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण,

१३. प्रदेश भित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन,

१४. प्रदेश भित्रका गैर सरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय,

१५. गुनासो र विवाद ब्यवस्थापन,

१६. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,

१७. फौजदारी कार्यविधि कानूनको कार्यान्वयन,

१८. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,

१९. निवारक नजरबन्द र स्थानहद सम्बन्धी,

२०. अन्तरप्रदेश सुरक्षा सम्वन्ध,

२१. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,

२२. स्थानीय प्रशासन संचालन, ब्यवस्थापन र समन्वय,

२३. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्डको कार्यान्वयन र नियमन,

२४. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, विपद् तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शांकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून कार्यान्वयन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२५. उपाधि, सम्मान तथा विभूषणको सिफारिस,

२६. प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

२७. प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको स्थापना सम्वन्धी,

२८. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका ब्यक्ति सम्वन्धी,

२९. प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन (रेडियो, एफ. एम. तथा टेलिभिजन समेत) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,

३०. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

३१. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन,

३२. प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन,

३३. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन,

३४. साइवर सुरक्षा अनुगमन,

३५. छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन,

३६. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

३७. श्रमजीवी सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

३८. प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,

३९. केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

४०. सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन,

४१. चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन,

४२. प्रदेश सरकारले गर्नु पर्ने तर कुनै मन्त्रालयलाई नतोकिएको कार्य।

### १.३.३ उपभोक्ताको हितसँग सम्वन्धित कार्यहरुः

१. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन,

२. संघीय मापदण्ड अनुसार स्टयान्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन, मूल्य नियन्त्रण र कालोवजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन,

३. उपभोक्ता अदालत गठन र सञ्चालन,

४. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहबीच समन्वय।

५. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन,

६. प्रदेश स्तरका हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,

७. प्रदेश स्तरमा इन्धनको गुणस्तर अनुगमन।

**प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ बमोजिम प्रदेश मामिला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-**

१. मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यससँग सम्बन्धित क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

२. मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरूको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहीत नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

३. मन्त्रिपरिषदका सदस्यहरूले प्रदेश सरकारको तर्फबाट बैठकमा समय–समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न प्रदेश सरकारद्वारा के-कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

४. विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

५. प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका काम कारबाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

६. प्रदेश सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिहरूद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

७. मन्त्रालय, विभाग र अन्य निकायहरूबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

८. बैठकले सुम्पेको अन्य काम गर्ने,

९. समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने, र

१०. तोकिए बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरूसँग समेत विचारको आदान-प्रदान गर्ने।

## १.४ समितिको कार्यविधिः

समितिले आफूलाई तोकिएको जिम्मेवारी सम्पादन गर्न देहाय बमोजिमको कार्यविधि अपनाएको थियो।

१. आफ्नो कार्यक्षेत्रसँग सम्वन्धित विषयमा विभिन्न मन्त्रालय, विभाग र निकाय एवं सरोकारवालाहरुसँग समितिको कक्षमा छलफल र अन्तरक्रिया।

२. आवश्यक कागजातको अध्ययन।

३. आवश्यकता अनुसार स्थलगत अध्ययन भ्रमण।

४. आवश्यकता अनुसार उपसमिति गठन गरी अध्ययन अनुसन्धान।

समितिले आफ्नो कार्य सञ्चालनको लागि वनाएको कार्यविधि अनुसूचि-१ मा उल्लेख गरिएको छ।

## १.५ सीमाः

संघीयताको पहिलो अभ्यास अन्तर्गत प्रदेश सभाको गठन हुनु, प्रदेश सभाको विगतको अनुभवको अभाव हुनु, नयाँ व्यवस्थापनमा कार्य प्रारम्भ हुनु, पर्याप्त ऐन कानूनको अभाव, प्रदेशको आफ्नो संरचनाको प्रष्ट खाका र कार्यालयको स्थापना नहुनु, मन्त्रालयको कार्य जिम्मेवारीमा केन्द्र सरकार र प्रदेश सरकारको स्पष्ट खाका आउन नसक्नु, प्रदेश सरकारका आफ्ना कार्यक्रम तथा सञ्चालित आयोजना तथा परियोजनाको कमी हुनु, संघ र प्रदेशको कार्यक्षेत्रको दोहोरोपना रहनु, अनुगमन कार्यको लागि पर्याप्त वजेट नहुनु, स्थायी राजधानीको निर्णय नहुँदा प्रदेश सभा सदस्यहरु तथा आम जनमानसमा स्थायी मानसिकता नहुनु, सीमित स्रोत साधन र जनशक्ति समेतले समितिको प्रभावकारी कार्य सम्पादनमा असहजता ल्याएकोले यसलाई प्रतिवेदनको सीमाका रुपमा लिन सकिन्छ।

## परिच्छेद-२

## समितिबाट सम्पादित मुख्य कार्यहरु

### २.१ मन्त्रालयसंग सम्वन्धित कार्यहरुः

समितिको कार्य क्षेत्र भित्र रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, उपभोक्ताको हित सम्वन्धी विषयमा केन्द्रित रही समितिले विभिन्न छलफलहरु गरेको छ। सार्वजनिक चासोका विषयहरु साथै मन्त्रालय तथा अन्तर्गतका निकाय मार्फत हुनु पर्ने कार्यहरु प्रभावकारी रुपमा सम्पादन गरी मन्त्रालय र अन्तर्गत निकायहरुको काम कारवाहीलाई जनताप्रति उत्तरदायी तुल्याउँन छलफल र आवश्यक निर्देशन दिइएको छ।समितिको जिम्मेवारी भित्र रहेको विषयलाई गहन रुपमा हेर्ने गरी विभिन्न समयमा कार्यशाला/परामर्श, सेमिनार र गोष्ठिहरु सञ्चालन गरिएको थियो।

### २.२ विधायन सम्वन्धी कार्यहरुः

देश संघीयतामा प्रवेश गरेको सन्दर्भमा प्रदेश सरकारले आफ्नो कार्य सञ्चालनको लागि कानून निर्माण गर्नु प्रमुख कार्य रहेको हुँदा यस समितिको प्रथम कार्यकाल मूलतः विधायिकी कार्यमा नै व्यतित हुने देखिन्छ। समिति गठनको पहिलो वर्ष प्रदेश सरकारको कार्यको संसदीय निगरानी गर्ने कार्य त्यति प्रभावकारी हुन नसके तापनि अधिकांश नयाँ कानूनहरु निर्माण गर्ने कार्यको भूमिका भने प्रभावकारी नै रह्यो। प्रदेश मामिला समितिले समिति गठनको पहिलो वर्षमा देहाय वमोजिमका ऐनहरुको दफावार छलफल गरी त्यसमा आवश्यक परिमार्जनको सिफारिस सहितको प्रतिवेदन सभामा पेश गरेको थियो।

- मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७४
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७४
- मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र शर्तको सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५
- प्रदेश प्रशासकीय कार्यविधि (नियमन) गर्ने विधेयक, २०७५
- गाँउ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) विधेयक, २०७५
- प्रदेश सभा सचिवालय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५
- प्रदेश विपद व्यवस्थापन सम्वन्धमा कानूनी व्यवस्था गर्न वनेको विधेयक, २०७५
- प्रदेश संस्था दर्ता सम्वन्धी कानूनी व्यवस्था गर्न वनेको विधेयक, २०७५
- प्रदेश सञ्चार माध्यम सम्वन्धी कानूनी व्यवस्था गर्न वनेको विधेयक, २०७५
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७४ (पहिलो संशोधन) विधेयक, २०७६

- प्रदेश सूचनाको हक सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७६(समितिमा दफावार छलफलको क्रममा रहेको)

**२.३ समितिले गरेका कार्यशाला/परामर्श/सेमिनार र गोष्ठि सम्वन्धी विवरणः**

- प्रदेश सरकारलाई कानून निर्माणमा सघाउँने उद्देश्यले मिति २०७५ बैशाख ६ र ७ गते संसदीय अभ्यास र कानून निर्माण प्रकृया सम्वन्धमा प्रदेश मामिला समिति र नेपाल कानून समाजको संयुक्त आयोजनामा प्रदेश मामिला समितिका माननीय सदस्यहरु र प्रदेश सभाका अन्य माननीयहरु समेतको सहभागितामा अन्तर्क्रिया कार्यक्रम सञ्चालन।

**यस कार्यक्रमका सहभागिहरुः**

- माननीय मुख्यमन्त्री डोरमणि पौडेल
- माननीय सभामुख
- प्रदेश सभा सचिव
- समितिका सभापतिहरु
- प्रदेश सभाका माननीय सदस्यहरु

**विषय प्रस्तोताः**

- सुवास नेम्वाङ, अध्यक्ष, संविधान सभा
- तिर्थमान शाक्य, पूर्व अध्यक्ष, लोकसेवा आयोग
- माननीय कृष्ण भक्त पोखेल, सदस्य, प्रतिनिधि सभा
- रमेश लेखक, पूर्व मन्त्री तथा संविधान सभा सदस्य
- टेक प्रसाद ढुङ्गाना, माननीय न्यायाधीश, उच्च अदालत, पाटन

- प्रदेश मामिला समितिको आयोजनामा सात वटै प्रदेशलाई कानून निर्माणमा सघाउने उद्देश्यले मिति २०७५ असार २ र ३ गते संसदीय अभ्यास र कानून निर्माण प्रक्रिया सम्वन्धमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन।

**विषय प्रस्तोताः**

- सुवास नेम्वाङ, अध्यक्ष, संविधान सभा
- माननीय राधेश्याम अधिकारी, सदस्य, राष्ट्रिय सभा
- माननीय कृष्ण भक्त पोखेल, सदस्य, प्रतिनिधि सभा
- माधव पौडेल, अध्यक्ष, नेपाल कानून आयोग

**यस कार्यक्रमका सहभागीहरुः**

- माननीय मुख्यमन्त्री डोरमणि पौडेल
- माननीय सभामुख
- प्रदेश सभा सचिव

- समितिका सभापतिहरु
- प्रदेश सभाका माननीय सदस्यहरु
- समिति सचिव तथा सचिवालयका अन्य कर्मचारीहरु

- **<u>पुस्तकालय स्थापनाः</u>**

समितिको पहलमा प्रदेश सभा सचिलालयमा नेपाल कानून समाजको सहयोगमा कानून लगायतका आवश्यक बिभिन्न पुस्तक सहितको पुस्तकालय स्थापना गरिएको।

- **प्रदेश सभाको "कार्यक्षेत्र र कानून निर्माण" नामक पुस्तक प्रकाशनः**

प्रदेश सभाको कार्यक्षेत्र, समितिको कार्यक्षेत्र, प्रदेश सभाका माननीय सदस्यहरुको फोटो सहितको विवरण, समितिवाट भएका कार्यक्रम लगायत निर्णयहरु एकीकृत गरी पुस्तक प्रकाशन गरेको।

- समितिको आयोजना तथा डिपीनेट नेपालको तत्वावधानमा प्रदेश स्तरीय विपद् व्यवस्थापन नीति तर्जुमा तथा कानूनी व्यवस्था सम्बन्धी अभिमुखीकरण कार्यक्रम काठमाडौंको ईन्द्रेणी फुडल्याण्डमा सम्पन्न।

**यस कार्यक्रमका सहभागिहरुः**

- माननीय सभामुख
- प्रदेश सभाका माननीय सदस्यहरु
- विपत व्यवस्थापन सम्वन्धी विज्ञहरु
- डिपीनेट नेपालका पदाधिकारी तथा अन्य सरोकारवालाहरु

**विषय प्रस्तोताः**

- डा. गंगालाल तुलाधर, पूर्व मन्त्री तथा विपद् व्यवस्थापन विज्ञ

- संघीय व्यवस्थामा प्रदेश शान्ति सुरक्षा र प्रदेश प्रहरी सम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रदेश नं. ३ का माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको प्रमुख आतिथ्यमा प्रदेश सभाका सदस्य तथा प्रदेश नं. ३ का सुरक्षा निकायका प्रमुखहरुको सहभागितामा कार्यक्रम सम्पन्न भएको। उक्त कार्यक्रमले प्रदेशमा प्रहरीको संरचना कस्तो हुने, प्रहरीको पदसोपान कस्तो रहने, नियुक्ति, वढुवा र अवकाशको प्रक्रिया के हुने भन्ने सम्वन्धी कार्यपत्र प्रस्तुत भएको थियो।
- प्रदेश मामिला समिति र इन्सेकको संयुक्त आयोजनामा प्रदेश नं. ३ का माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको प्रमुख आतिथ्यमा मानव अधिकार मैत्री कानून निर्माणमा प्रदेश सभाको भूमिका सम्वन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न।

- समितिको आयोजना तथा गै.स.स. महासंघको सहयोगमा प्रदेश नं. ३ का माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको प्रमुख आतिथ्यमा संस्था दर्ता लगायतका संस्थासंग सम्वन्धित विषयहरुमा प्रदेश मामिला समितिका सदस्यहरु र प्रदेश अन्तर्गतका सवै (१३ वटै) जिल्लाका गै.स.स.का अध्यक्षहरुको सहभागितामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न। कार्यक्रममा गै.स.स.को तर्फवाट कार्यपत्र प्रस्तुत भएको थियो।

**यस कार्यक्रमका सहभागीहरुः**

  - प्रदेश मामिला समितिका सदस्यहरु
  - मानवअधिकारकर्मी र
  - विभिन्न संघ संस्थाका प्रतिनिधिहरु

- समितिको पहलमा देहाय वमोजिमका १२ वटा विधेयकको मस्यौदा तयार गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई हस्तान्तरण गरिएको।

**देहायः**

  - संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
  - फ्रिक्वेन्सी मोडुलेशन (एफ एम) रेडियो (सञ्चालन तथा नियमन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
  - लोक सेवा आयोगको काम, कर्तव्य, अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
  - प्रदेशमा उद्योगको व्यवस्थापन गर्न बनेको विधेयक, २०७५
  - प्रदेश पर्यटन प्रवर्द्धन तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५
  - वनको व्यवस्था गर्न बनेको विधेयक, २०७५
  - प्रदेशमा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
  - गुठी सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५
  - प्रदेश सार्वजनिक खरिद सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५
  - प्रदेश भूमि उपयोग तथा व्यवस्थापन सम्बन्धी विधेयक, २०७५
  - प्रदेश विपद व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
  - प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

- संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यू.एन.डी.पी.) को अनुरोध अनुसार प्रदेश मामिला समितिको आयोजना र यू.एन.डी.पी. को संसद सहयोग परियोजनाको सहकार्यमा मिति २०७५।११।१३ गते कानून तर्जुमा, प्रत्यायोजित

व्यवस्थापन तथा समिति कार्य प्रणाली विषयक तीन दिने अन्तर्क्रिया कार्यक्रम धुलिखेलमा आयोजना।

**यस कार्यक्रमका सहभागीहरुः**

- मानननीय सभामुख
- प्रदेश सभा सचिव
- समितिका सभापतिहरु
- प्रदेश सभाका माननीय सदस्यहरु
- समिति सचिव तथा सचिवालयका अन्य कर्मचारीहरु

**विषय प्रस्तोताः**

- माधव पौडेल, अध्यक्ष, नेपाल कानून आयोग
- डा० भरतराज गौतम, सचिवालय सचिव, संघीय संसद सचिवालय

- प्रदेश मामिला समितिको आयोजना तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहयोगमा मिति २०७६ बैशाख ६ गते समितिमा दफावार छलफलको लागि प्राप्त भएको प्रदेश सूचनाको हक सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ माथि विज्ञ तथा सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको।

**यस कार्यक्रमका सहभागीहरुः**

- माननीय सभामुख
- माननिय उपसभामुख
- प्रदेश सभाका माननीय सदस्यहरु
- प्रमुख सचिव, प्रदेश सभा सचिव
- सञ्चार कर्मीहरु तथा पत्रकार महासंघका पदाधिकारीहरु
- समितिका सचिवहरु

# परिच्छेद-३

## समितिका निर्णय एवं निर्देशनहरु

### ३.१ समितिका विभिन्न बैठकका निर्ययहरुः

**बैठक संख्याः १**

मितिः- २०७४/१२/१५

**छलफल एवं निर्णयः**

प्रदेश मामिला समितिको पहिलो बैठक समितिका जेष्ठ सदस्य माननीय ज्ञानेन्द्र शाक्यको सभापतित्वमा वस्यो।

बैठकमा समितिको सभापति पदमा माननीय माधव प्रसाद पौडेललाई निर्वाचित गरियोस् भन्ने एकमात्र प्रस्ताव प्राप्त भएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १४९ को उपनियम (५) वमोजिम प्रदेश मामिला समितिको सभापतिको पदमा माननीय माधव प्रसाद पौडेल निर्विरोध निर्वाचित हुनुभयो।

**बैठक संख्याः २**

मितिः- २०७४/१२/१६

**छलफल एवं निर्णयः**

१. प्रदेश मामिला समितिको नवनियुक्त सभापति माननीय माधव प्रसाद पौडेललाई समितिका सदस्यहरुवाट वधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गरियो।
२. प्रदेशभित्रका समसामयिक विषयमा देखिएका बिभिन्न समस्या तथा जन सरोकारका विषयहरु (महिला हिंसा, शान्ति सुरक्षा सुदृढ गर्ने, प्राकृतिक स्रोत साधनको दोहन नियन्त्रण, साँस्कृतिक सम्पदाहरुको संरक्षण, भूकम्प पीडितहरुको समस्याहरुको सम्वोधन) का सम्वन्धमा प्रदेश सरकारलाई ध्यानाकर्षण गराउने।
३. संविधानमा व्यवस्था भए वमोजिम प्रदेश कानून नबनेको कारणवाट प्रदेशको काम कारबाहीमा पर्न गएको असरलाई मनन गर्दै यथाशिघ्र कानून निर्माण प्रक्रियालाई अगाडि वढाउन सरकारको ध्यानाकर्षण गराउने।

**बैठक संख्याः ३**

मितिः- २०७४/१२/२६

**छलफल एवं निर्णयः**

समितिको आजको बैठकमा आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेलबाट हालसम्म कानून निर्माणमा भए गरेका काम  र आगामी योजना प्रस्तुत गर्नु भयो र त्यस माथि व्यापक छलफल र राय दिने काम गरियो।

**बैठक संख्याः ४**

मितिः- २०७५/०१/०५

**छलफल एवं निर्णयः**

प्रदेश मामिला समितिको आजको बैठकमा समसामयिक बिषयमा छलफल भयो।

**बैठक संख्याः ५**

मितिः- २०७५/०१/०७

**छलफल एवं निर्णयः**

मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७४ र प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७४ माथि प्राप्त संशोधनमाथिको दफावार छलफल समितिमा प्रारम्भ भयो। सो कार्य समाप्त नभएकोले आगामी बैठकमा समेत छलफल जारी रहने।

**बैठक संख्याः ६**

मितिः- २०७५/०१/०९

**छलफल एवं निर्णयः**

मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७४ र प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७४ माथि प्राप्त संशोधनमाथिको दफावार छलफल समितिमा प्रारम्भ भयो। सो कार्य समाप्त नभएकोले आगामी बैठकमा समेत छलफल जारी रहने।

**बैठक संख्याः ७**

मितिः- २०७५/०१/१२

**छलफल एवं निर्णयः**

मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७४ र प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७४ माथिको दफावार छलफल जारी।

**बैठक संख्याः ८**

मितिः- २०७५/०२/०३

**छलफल एवं निर्णयः**

प्रदेश मामिला समितिको बैठकमा सभापतिले पेश गर्नु भएको अगामी आ.व. २०७५।०७६ को बार्षिक कार्य योजना तथा अनुमानित खर्च विबरण माथि छलफल हुंदा उक्त प्रस्तावमा केही वुंदाहरु तथा रकमको सम्बन्धमा परिमार्जन तथा थपघट गर्ने गरी उक्त प्रस्ताव पारित गरीयो।

(समितिको वार्षिक कार्ययोजना तथा अनुमानित खर्च विवरण अनुसूची-३मा रहेको छ।)

**बैठक संख्याः ९**

मितिः- २०७५/०२/१८

**छलफल एवं निर्णयः**

मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवा शर्तको सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक माथि प्राप्त संशोधनमा दफावार छलफल प्रारम्भ भयो। साथै उक्त छलफल समाप्त नभएकोले समितिको आगामी बैठकमा समेत छलफलको क्रम जारी रहने।

**बैठक संख्याः १०**

मितिः- २०७५/०३/०४

**छलफल एवं निर्णयः**

१. मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७४ माथिको छलफल समाप्त भई सो विधेयक माथि समितिले तयार पारेको प्रतिवेदन माथि छलफल भयो।

२. प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७४ र मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तको सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक माथि दफावार छलफल जारी रह्यो।

**बैठक संख्याः ११**

मितिः- २०७५/०४/०३

**छलफल एवं निर्णयः**

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तको सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक माथि दफावार छलफल समाप्त भई उक्त विधेयक माथि समितिले तयार गरेको संशोधन सहितको प्रतिवेदन सभामा पेश गर्ने।

**बैठक संख्याः १२**

मितिः- २०७५/०४/२८

**छलफल एवं निर्णयः**

मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७४ र प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७४ माथिको दफावार छलफल आगामी बैठकमा समेत जारी रहने।

**बैठक संख्याः १३**

मितिः- २०७५/०५/०१

**छलफल एवं निर्णयः**

मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा र प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७४ र प्रदेश प्रशासकीय कार्यविधि (नियमित) गर्ने विधेयक माथि दफावार छलफल समाप्त भई उक्त विधेयकहरुका सम्वन्धमा तयार पारिएको संशोधन सहितको प्रतिवदन प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभामा पेश गर्ने।

**बैठक संख्याः १४**

मितिः- २०७५/०५/१६

**छलफल एवं निर्णयः**

प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल गरी सभाका माननीय सदस्यहरुवाट प्राप्त संशोधनहरु समेत समेटी तयार गरीएको समितिको प्रतिवेदन प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभामा पेश गर्ने।

**बैठक संख्याः १५**

मितिः- २०७५/०५/१८

**छलफल एवं निर्णयः**

प्रदेश विपद् व्वस्थापन सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक माथि पर्न आएको संशोधनमा माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको उपस्थितिमा छलफल गरी तयार गरिएको संशोधन सहितको समितिको प्रतिवेदन प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभामा पेश गर्ने।

**बैठक संख्याः १६**

मितिः- २०७५/०६/०१

**छलफल एवं निर्णयः**

प्रदेश संस्था दर्ता सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विधेयक समितिमा दफावार छलफलको लागि प्राप्त भएकोले सो विधेयक माथि दफावार छलफल जारी रहेकोले समितिको आगामी बैठकमा समेत उक्त विधेयकमाथि छलफल जारि रहने।

**बैठक संख्याः १७**

मितिः- २०७५/०८/०४

**छलफल एवं निर्णयः**

प्रदेश संस्था दर्ता सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विधेयक माथि पर्न आएको संशोधनमा समेतका आधारमा दफावार छलफल गरी समितिले तयार पारेको संशोधन सहितको प्रतिवेदन प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभामा पेश गर्ने।

**बैठक संख्याः १८**

मितिः- २०७५/०८/०४

**छलफल एवं निर्णयः**

प्रदेश सञ्चार माध्यम सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विधेयक माथि पर्न आएको संशोधन समेतका आधारमा दफावार छलफल गरी माननीय सदस्यहरुले प्रस्तुत गर्नु भएको छलफलका आधारमा तयार पारिएको संशोधन सहितको समितिको प्रतिवेदन प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभामा पेश गर्ने।

**बैठक संख्याः १९**

मितिः- २०७५/०८/११

**छलफल एवं निर्णयः**

१. प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ ले बिषयगत समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम यस प्रदेश नं ३ अन्तर्गतका विभिन्न जिल्लाहरुमा एकै विषयमा कार्य गर्ने विभिन्न कार्यालयको स्थापना भएको भन्ने जानकारीमा आएको र प्रदेश अन्तर्गतका कार्यालयहरुको कर्मचारीहरु के कति रहेको समेतको जानकारी हुन नसकेबाट यस प्रदेश सभा, प्रदेश मामिला समिति अन्योलको स्थितिमा रहन गएको सन्दर्भमा यस

प्रदेश अर्न्तगत रहेका कार्यालयहरुको संरचना र प्रदेश अन्तर्गतका कर्मचारीहरुको संगठनात्मक संरचना बारेको विवरण प्रदेश सरकारसंग माग गर्ने। यस सम्वन्धि कार्यालयको विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ।

२. समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा आधारित भएर विशेषज्ञ सहितको अन्तरक्रिया कार्यक्रम आयोजना गरी समितिको आगामी कार्य योजना निर्माण गर्ने निर्णय गरीयो।

**बैठक संख्याः २०**

मितिः- २०७५/१०/१८

**छलफल एवं निर्णयः**

१. समितिको कार्य क्षेत्रभित्र पर्ने मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसँग सरकार गठन भएदेखि हालसम्मको कार्य प्रगति विवरण तथा प्रदेश सभाले बनाएको ऐनले दिएको अधिकार प्रयोग गरी त्यस मन्त्रालय/कार्यालयले हालसम्म वनाएका नियमावली, निर्देशिका र निर्णयहरु ३०/३० प्रतिका दरले समितिमा ७ दिनभित्र पठाउन निर्देशन दिने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सरकार गठन भएदेखि हाल सम्मको कार्य प्रगति विवरण तथा प्रदेश सभाले बनाएको ऐनले दिएको अधिकार प्रयोग गरी त्यस मन्त्रालयले हालसम्म वनाएका नियमावली, निर्देशिका र निर्णयहरु ३०/३० प्रतिका दरले समितिमा ७ दिनभित्र पठाउन निर्देशन दिने।

३. उद्योग पर्यटन तथा वाताबरण मन्त्रालयसँग उपभोक्ता हक हित सम्बन्धमा सरकार गठन भएदेखि हालसम्मको प्रगति विवरण ७ दिन भित्र उपलव्ध गराउन निर्देशन दिने।

४. संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यू.एन.डी.पि.) को अनुरोध अनुसार प्रदेश मामिला समितिको आयोजना र यू.एन.डी.पि. को संसद सहयोग परियोजनाको सहकार्यमा मिति २०७५।११।१३ देखि मिति २०७५।११।१५ सम्म धुलिखेलमा कानून तर्जुमा प्रत्यायोजित व्यवस्थापन तथा समिति कार्य प्रणाली विषयक अन्तरक्रिया

**बैठक संख्याः २१**

मितिः- २०७५/११/१४

**छलफल एवं निर्णयः**

१. बिगत बैठकको निर्णय अनुसार मुख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट हालसम्म निर्माण भएका नियमावली कार्यविधि र निर्देशिका प्राप्त गरी यस सम्बन्धमा प्रारम्भिक छलफल गरी आगामी बैठकमा योजना अनुगमन र समितिको प्रतिवेदन तयार गर्ने सम्बन्धमा विस्तृत छलफल गर्ने।

**बैठक संख्याः २२**

मितिः- २०७५/११/२२

**छलफल एवं निर्णयः**

१. मिति २०७५।१२।१ गते मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयवाट माननीय मुख्य मन्त्री एंव आन्तरिक मामिला तथा कानून मन्त्रालयवाट माननीय मन्त्री र सचिवहरुलाई आ-आफ्नो मन्त्रालयको कार्य प्रगति विवरण सहित अन्तरक्रिया कार्यक्रममा सहभागी हुन पत्राचार गर्ने।

२. आगामी बैठकमा गैर विधेयक सम्बन्धमा छलफल गर्ने।

## बैठक संख्याः २३

मितिः- २०७५/१२/२

**छलफल एवं निर्णयः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग देहायका विवरणहरु माग गर्नेः

क. प्रदेश सरकारका मन्त्रालयहरु अन्तर्गत गठन र स्थापना भएका कार्यालय र आयोजनाहरुको नाम र ठेगाना,

ख. प्रदेश सरकारबाट यस आ.व.मा सञ्चालित कार्यक्रम कार्यान्वयनको स्थिति, समस्या र समस्या समाधानका लागि चालिएका कदमहरु।

२. प्रदेश सरकारबाट विनियोजित बजेट र कार्यक्रम अनुगमन र कार्यान्वयनको अवस्थाको सम्बन्धमा प्रदेश सभाका सम्बन्धित क्षेत्रका माननीय सदस्यहरुको किटानी सहितको भूमिका सम्बन्धी कार्यविधि बनाउन प्रदेश सरकारलाई निर्देशन दिने।

३. स्थानीय तहका गाउँ सभा/नगर सभा तथा गाउँ कार्यपालिका/नगर कार्यपालिकाको बैठकमा सम्बन्धित क्षेत्रका प्रदेश सभाका माननीय सदस्यहरुलाई आमन्त्रण गर्नु पर्ने कानूनी व्यवस्था पालना भएको नपाइएकोले उल्लिखित बैठकहरुमा प्रदेश सभाका सम्बन्धित क्षेत्रका माननीय सदस्यहरुलाई सम्बन्धित गाउँ सभा/नगर सभा तथा गाउँ कार्यपालिका र नगर कार्यपालिकाहरुको बैठकमा अनिवार्य रुपमा आमन्त्रण गर्ने व्यवस्था मिलाउन प्रदेश सरकारलाई निर्देशन दिने।

४. प्रदेश सरकारको कार्यक्रम कार्यान्वयनमा आवश्यक जनशक्ति आपूर्तिको लागि प्रदेश लोक सेवा आयोग र प्रदेश निजामती सेवा सम्बन्धी विधेयक यथाशिघ्र प्रदेश सभामा पेश गर्न प्रदेश सरकारलाई निर्देशन दिने।

५. प्रदेश नं ३ का सम्पूर्ण पदाधिकारीहरुको मर्यादाक्रम निर्धारण गर्न प्रदेश सरकारलाई निर्देशन दिने।

## बैठक संख्याः २४

मितिः- २०७५/१२/१९

**छलफल एवं निर्णयः**

१. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि विस्तृत छलफल भयो।

२. समितिको वार्षिक प्रतिवेदन लेखन कार्य गर्नको लागि देहाय वमोजिमको प्रतिवेदन लेखन उपसमिति गठन गर्नेः-

| | | |
|---|---|---|
| १. | मा० श्री केशव राज पाण्डे | - संयोजक |
| २. | मा० श्री छिरिङ्ग दोर्जे लामा | - सदस्य |
| ३. | मा० श्री भावना सुवेदी | - सदस्य |

४. मा० श्री योगेन्द्रराज संग्रौला - सदस्य

५. मा० श्री राजकाजी महर्जन - सदस्य

६. मा० श्री रिना गुरुङ्ग - सदस्य

७. मा० श्री विशाल खड्का - सदस्य

उपसमितिले आवश्यकता अनुसार विज्ञको सहयोग लिन तथा सरोकारवालालाई आमन्त्रण गरी छलफल गर्न सक्नेछ।

**बैठक संख्याः २५**

मितिः- २०७५/१२/२७

**छलफल एवं निर्णयः**

१. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि माननीय आन्तरिक मामिला तजा कानून मन्त्रीको उपस्थितिमा दफावार छलफल भयो।

२. समितिको वार्षिक प्रतिवेदन लेखन कार्य गर्नको लागि वनेको उपसमितिको संयोजकमा माननीय केशवराज पाण्डेलाई सर्वसहमतिमा चयन गरियो।

**बैठक संख्याः २६**

मितिः- २०७६/१/४

**छलफल एवं निर्णयः**

१. प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल भइ उक्त विधेयकमाथि पर्न आएको संशोधनमा केही थपघट गरी समितिले तयार पारेको प्रतिवेदन प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभामा पेश गर्ने।

**बैठक संख्याः २७**

मितिः- २०७६/१/२९

१. माननीय सभामुखलाई बैठकमा आमन्त्रण गरी सभा र सचिवालय ब्यवस्थापन सम्बन्धमा माननीयहरुबाट प्राप्त गुनासाहरुको बारेमा ध्यानाकर्षण गराईयो।बैठकमा सभामुखद्वारा अध्ययन अवलोकनको व्यवस्था मिलाउने र संघीय संसद र अन्तर प्रदेशका समितिहरुसंग समन्वय गरी अध्ययन र अवलोकनको ब्यवस्था मिलाइने तथा समितिको बैठक सञ्चालनका लागि आर्थिक एवं भौतिक सुविधाहरु उपलव्ध गराउन कदम अगाडि बढाउने जानकारी गराउनु भयो।

२. प्रदेश मामिला समितिको बार्षिक प्रतिवेदन लेखन उपसमितिलाई मिति २०७६/२/१ गते सम्ममा प्रतिवेदन लेखनको कार्य सम्पन्न गरी प्रतिवेदन समिति समक्ष पेश गर्न निर्देशन दिने।

**बैठक संख्याः २८**

मितिः- २०७६/२/६

**छलफल एवं निर्णयः**

१. समितिको वार्षिक प्रतिवेदन तयार पार्ने क्रममा प्रतिवेदन लेखन उपसमितिले हालसम्म गरेका कार्यहरुको जानकारी लिईयो।

२. प्रदेश स्तरका कार्यालयहरुको स्थापना तथा कर्मचारीको व्यवस्थापनमा भएको ढिलाईका कारण हाल सञ्चालित आयोजनाहरु ढिला शुरुहुन गई यसै आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने देखिएकोले उक्त आयोजनाहरु सहज सम्पन्न गराउन आवश्यक व्यवस्था मिलाउनको लागि मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने।

**बैठक संख्याः २९**

मितिः- २०७६/२/१४

**छलफल एवं निर्णयः**

१. प्रतिवेदन लेखन उपसमितिले तयार गरेको समितिको वार्षिक प्रतिवेदनको मस्यौदा उपसमितिका संयोजक माननीय केशव राज पाण्डेले समितिको बैठकमा पेश गर्नुभयो।

२. उपसमितिले पेश गरेको समितिको वार्षिक प्रतिवेदनको मस्यौदा उपर विस्तृत रुपमा छलफल गरि आवश्यक सुझाव दिनको लागि समितिका माननीय सदस्यहरुलाई यहि मिति २०७६।२।१६ गते सम्मको समय उपलब्ध गराउने।

३. मिति २०७६।२।१६ गते सम्म माननीयहरुवाट प्राप्त सुझावहरु समावेश गरी समितिको अन्तिम प्रतिवेदन तयार पार्नको लागि समितिको सचिवालयलाई निर्देशन दिने।परिच्छेद-४

**बैठक संख्याः ३०**

मितिः- २०७६/२/१७

**छलफल एवं निर्णयः**

१. मिति २०७६।२।१६ गते सम्म माननीयहरुवाट प्राप्त सुझावहरुलाई समावेश गरी सचिवलायले तयार गरेको समितिको वार्षिक प्रतिवेदन प्रदेश सभाको आगामी बैठकमा पेश गर्ने।

## परिच्छेद-४

## समितिको मूल्याङ्कन एवं देखिएका समस्याहरु

### ४.१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसंग सम्बन्धित नीति तथा कार्यक्रम मूल्याङ्कन

प्रदेश मन्त्रिपरिषद्को कार्यालयको रुपमा रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार २३ वटा वुंदामा समेटिएको छ। त्यस्तै संविधानको अनुसूचीमा भएको व्यवस्था अनुसार अनुसूची-६ मा प्रदेशको अधिकारका २१ वटा सूची, अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकारको सूची तथा अनुसूचि ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका सूची रहेका छन।

संघ र प्रदेशको साझा अधिकारको सूची अन्तर्गत परेका विषयहरुमा समेत केन्द्रसँग समन्वय गरेर आफ्नो अधिकार क्षेत्र स्पष्ट गर्नु पर्नेमा केन्द्रले के गर्छ भनेर कुरिरहने प्रवृति देखिन्छ।स्थानीय तहसंगको साझा अधिकारको सूचीमा प्रदेशको अधिकार सुनिश्चित गर्न नसक्दा स्थानीय तहवाट प्राप्त हुने राजस्व समेत गुमेको अवस्था छ।

समग्रमा माथि उल्लेखित कार्यहरुलाई बुँदागत रुपमा देहाय वमोजिम प्रस्तुत गरिएको छ।

- प्रदेश सरकारको कार्य विभाजन तथा कार्य संचालन सम्बन्धमा निर्णय गरी सोही अनुसार मन्त्रालयगत कार्य विभाजन भएको देखिन्छ तर हालसम्म प्रदेश सरकार कार्यसञ्चालन नियमावली निर्माण गरेको देखिदैन।
- यस कार्यालय अन्तरगत नियुक्ति र स्थापना हुनुपर्ने कार्यालयहरु मध्ये मुख्यन्यायाधिवक्ताको कार्यालय र प्रदेश नीति तथा योजना आयोगको स्थापना र कार्य संचालन भइरहेका छन्।
- केही वैदेशिक प्रान्तीय सरकारहरुसंग अनौपचारिक छलफल तथा सम्बन्ध कायम भए पनि चीनको एक प्रान्तीय सरकारसंग मात्रै औपचारिक हस्ताक्षर भएको तर अन्यसंग औपचारिकता पाएको देखिंदैन।
- अभिलेख राख्ने तथा नियमन गर्ने कार्यालय स्थापना नभएको।
- सुशासन प्रदेश सरकारको मुख्य अभिष्ट भनिए पनि व्यवहारतः कार्यान्वयनमा यथेष्ट ध्यान गएको देखिंदैन।
- प्रदेश सरकारको अर्को प्रतिवद्धता भ्रष्टाचार मुक्त प्रदेश।"म भ्रष्टाचार गर्दिन, भ्रष्टाचार हुन दिन्न" भन्ने नारा नारामा मात्र सिमित रहेको छ।प्रशासन सुधार सम्वन्धी नीति निर्माण गर्नुपर्ने देखिन्छ।

- यस वर्ष प्रदेश सरकारले कर्मचारी व्यवस्थापन गर्न नसक्नाले आफ्नो योजना कार्यान्वयनमा पनि पछि परेको अवस्था छ।
- सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा अनुगमन, नियमन र कारवाहीका कुरा राम्रै प्रस्तुत भएका थिए। प्रदेश सरकारको मुख्य मन्त्रीको नेतृत्व एउटा समिति र प्रमुख सचिवको नेतृत्वमा अर्को समिति बनेर सरकार सबै योजनाहरु र कर्मचारीका कार्यका बारेमा अनुगमन, नियमन र पुरस्कृत तथा कारवाही गर्ने विषय आफैंमा सुन्दर थियो। तर त्यो व्यवहारमा प्रस्फुटित भएको देखिदैन।

प्रदेशको एकल अधिकारको सूचीमा विविध विषयहरु रहे पनि प्रदेश सरकारले हालसम्म केही कानून निर्माण गर्ने वाहेकका कार्यहरुमा खासै उपलब्धि हासिल गरेको देखिदैन। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रकाशित गरेको प्रदेश सरकारको एक वर्ष नामक पुस्तिका तथा आर्थिक मामिला तथा योजना मन्त्रालयवाट प्रकाशित मन्त्रालयगत वार्षिक प्रगति विवरणको अध्ययन गर्दा केही कानून निर्माण गर्नु तथा चालु खर्च र पूँजीगत खर्चमा कार्यालय सञ्चालनको लागि गरिएका फर्निचर तथा सवारी साधन खरिदमा नै वढी बजेट खर्च भएको देखिन्छ। विभिन्न अध्ययन भ्रमण तथा तालिमहरु भएको भए तापनि कार्यसम्पादनमा तात्विक परिवर्तनको महशुस हुँदैन।

प्रदेश स्तरमा सञ्चालन गर्ने वित्तीय संस्थाहरुको स्थापना, रेडियो, टेलिभिजनको सञ्चालन, घर जग्गा रजिष्ट्रेशन, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर, जरीवाना, प्रदेश स्तरको विद्युत, सिंचाई, खानेपानी, परिवहन, विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय, प्रदेश भित्रको व्यापार लगायतका कार्यवाट राजस्व संकलन गर्न सकिने अवस्था रहे तापनि हालसम्म यी सेवा केन्द्र सरकारवाट नै सञ्चालित रहेको कारण प्रदेशले प्राप्त गर्ने राजस्व गुमिरहेको अवस्था देखिन्छ।प्रदेश लोकमार्गको पहिचान हुन नसक्नु, प्रदेश लोकसेवा आयोगको स्थापना कार्य अगाडि नवढ्नु, प्रदेश निजामती सेवाको स्थापनामा उदासिनता, प्रदेशको भूमि व्यवस्थापन र जग्गाको अभिलेख राख्नेतर्फ कुनै कार्य भएको पाइदैन।खानी अन्वेषण तथा व्यवस्थापन, प्रदेश भित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन, कृषि तथा पशु विकास, कल कारखाना, औद्योगीकरण, व्यापार व्यवसाय, यातायात, गुठी व्यवस्थापन लगायतका जटिल विषयमा समेत प्रदेश सरकारले आवश्यक नीति लिन सकेको देखिंदैन।

## ४.२ आन्तरिक मामिला तथा कानून मन्त्रालयसंग सम्बन्धित नीति तथा कार्यक्रम मूल्याङ्कन

प्रदेशको शान्ति सुरक्षाको मुख्य जिम्मेवारी रहेको आन्तरिक मामिला तथा कानून मन्त्रालयको जिम्मेवारी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार ४२ वटा बुँदामा समेटिएको छ। नेपालको संविधानको अनुसूची ६ मा उल्लेखित प्रदेशको एकल

अधिकारको सूची अन्तर्गत प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा तथा प्रदेश अनुसन्धान व्युरो जस्ता संवेदनशील कार्यहरुको मुख्य जिम्मेवारी तथा कानून निर्माण कार्यको मुख्य जिम्मेवारी तथा रेडियो, एफ. एम., टेलिभिजन सञ्चालन जस्ता विषयहरु समेत यस मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गत समेटिएको भए तापनि प्रदेश प्रहरी स्थापना सम्वन्धी कार्य अगाडि वढ्न नसक्नु, सूचना तथा सञ्चारको क्षेत्रमा समेत अपेक्षित कार्य प्रगति हुन सकेको देखिंदैन।

यस मन्त्रालय अन्तर्गत रहेको कानून निर्माणको कार्य सन्तोषजनक रहे तापनि नियमित वन्नुपर्ने कानुन नै प्रयाप्त नवनेको तथा केन्द्रसंग समन्वयको मुख्य जिम्मेवारी रहेको मन्त्रालय भए तापनि केन्द्रसंग समन्वय गरी निर्माण गर्नुपर्ने कानून निर्माणमा गतिशिलता कम देखिन्छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रकाशित गरेको प्रदेश सरकारको एक वर्ष नामक पुस्तिका तथा आर्थिक मामिला तथा योजना मन्त्रालयवाट प्रकाशित मन्त्रालयगत वार्षिक प्रगति विवरणको अध्ययन गर्दा कानून निर्माण गर्नु तथा राजपत्र प्रकाशित गर्नु, चालु खर्चमा कर्मचारी तलव भत्ता र पूँजीगत खर्चमा कार्यालय सञ्चालनको लागि गरिएका फर्निचर तथा सवारी साधन खरिद र मर्मतमा नै बजेट खर्च भएको देखिन्छ। विपद् व्यवस्थापन जस्तो संवेदनशिल कार्यजिम्मेवारी वोकेको मन्त्रालयसंग आफ्नै सुरक्षा निकाय नहुनु, प्राविधिक ज्ञानयुक्त जनशक्तिको अभाव हुनु, मन्त्रालयको जिल्ला स्थित सम्पर्क कार्यालयहरु नहुनु, सूचना संकलनको लागि केन्द्र सरकारसंग निर्भर रहनु पर्ने स्थितिले गर्दा नत शान्तिसुरक्षा प्रभावकारी हुन सक्छ नत विपद् व्यवस्थापनमा नै प्रभावकारी भूमिका खेल्न सक्ने देखिन्छ।

यस मन्त्रालयसंग सम्वन्धित विषयहरुलाई देहाय वमोजिम वुँदागत रुपमा प्रस्तुत गरिएको छ।

- प्रदेश शान्ति सुरक्षा, अपराध अनुसन्धान, विशिष्ट व्यक्तिहरु लगायत महत्वपूर्ण भौतिक संरचनाहरुको सुरक्षा जस्ता महत्वपूर्ण कार्यहरु प्रहरी संचालन र सुरक्षा सम्बन्धी कानूनको अभाव र अधिकार प्रत्यायोजन नभएका कारण कार्य शून्य गतिमा रहेको।
- मन्त्रालयले शुरु गरेको आन्तरिक मामिला तथा कानून मन्त्रीहरु बीचको अन्तरप्रदेशीय अनुभव आदानप्रदान कार्यक्रमलाई निरन्तरता दिई अन्तर प्रदेश सुरक्षा प्रदान तथा अपराधजन्य कार्य नियन्त्रणमा सहयोग पुग्ने यस्ता बैठक, भेलाहरुले सबै प्रदेशहरुमा पारित गरिने कानूनहरुमा पनि समरुपता ल्याउन सहयोग पुग्ने देखिन्छ।
- विपद ब्यवस्थापन कोष खडा गरी विपदका समयमा तत्काल जनताहरुलाई राहत उपलब्ध गराउने उद्देश्य प्रसंशनीय देखिन्छ।
- संविधानले स्थानीय तहमा भए घटेका घटनाहरुलाई स्थानीय तहमै समाधान दिने उद्देश्यले न्यायिक तथा मेलमिलाप समितिको परिकल्पना गरेको छ। त्यस कार्यलाई सहजता प्रदान गर्ने उद्देश्यले प्रदेश सरकारले नागरिकलाई निशुल्क कानूनी सहायता

अभियान संचालन गर्ने घोषणा गरेको थियो। त्यसका लागि यस मन्त्रालयले हरेक गाँउपालिकामा कानूनी सहजकर्ता नियुक्त गर्ने निर्णयका साथ आबश्यक कार्यविधि तयार गरी ७४ वटै गाँउपालिकामा कानूनी सहजकर्ता नियुक्त गरिसकेको छ जुन आबश्यक थियो।

- द्वन्द पीडित तथा विस्थापित परिवारलाई सहायता तथा सहयोग गर्ने कार्य प्रारम्भ भएकोछ। यसले पीडीत परिवारलाई राहत पुग्ने विश्वास गर्न सकिन्छ।
- हामी वर्षायामको सामुन्ने आइसकेका छौं। यस समयमा हुन सक्ने सम्भाव्य विपदको अध्ययन र बढी जोखिमपूर्ण स्थानहरु पहिचान गरी समयमै उद्दार तथा राहत सामाग्रीहरुको बन्दोवस्त गर्नु जरुरी छ। र उद्दार कार्यका लागि चुस्त, दुरुस्त प्रशासानिक संगठन हुनु जरुरी छ तर त्यस्तो संयन्त्र निर्माण भएको देखिदैन।
- विपद व्यवस्थापन सम्वन्धमा पीडितलाई प्रदान गर्ने राहत आदि कार्यमा २ नं प्रदेशलाई प्रदान गरेको सहयोग र नुवाकोटको सवारी दुर्घटनाको पीडितलाई दिईएको सहयोग प्रशंसनिय छ।
- कारागार सुधार सम्बन्धी गोष्ठी तथा छलफलहरु भएका छन् तर कारागार सुधारका लागि भीमफेदी कारागारमा मात्र महिला बन्दी गृह निर्माण गरीएको देखिन्छ।
- पत्रकारिता क्षमता विकास सहयोग कार्यक्रम सम्पन्न भएको देखिन्छ। त्यसले निश्चय नै पत्रकारीता क्षेत्रमा व्यवस्थित र मर्यादित पत्रकारितालाई प्रेरित गर्ने विश्वाश लिन सकिन्छ।
- संघीय सरकार र स्थानीय सरकारसंग समेत कानून निर्माण र कार्यान्वयनमा जिम्मेवार रहेको यस मन्त्रालय त्यस कार्यमा सुस्त देखिएको छ। अझ स्थानीय तहले निर्माण गरेका कानूनहरुको अध्ययन गर्ने, विश्लेषण गर्ने र प्रदेश तथा संघीय कानूनसंग वाझिएको ह सम्म खारेज गर्न निर्देशन दिने तथा आफूले निर्माण गरेको कानून कार्यान्वयनमा आए नआएका अबलोकन गर्ने र निर्देशन दिने कार्यमा पनि पछाडि नै देखिन्छ।
- प्रदेश कानून पुस्तकालयको स्थापना शुरु गरिएको भनिएको छ तर त्यसले गति प्राप्त गर्न सकेको देखिंदैन। कतिपय अत्यावश्यक कानूनी पुस्तक र नजिर संग्रहहरु खरिद कार्यमा समेत ढिलाई भइसकेको छ।

### ४.३ उपभोक्ता हित संग सम्बन्धित नीति तथा कार्यक्रम मूल्याङ्कन

उपभोक्ता हित सम्वन्धी विषयहरुका सम्वन्धमा प्रदेश सरकारले एउटा निर्देशिका जारी गरी कामको थालनी गर्ने वातावरण तयार गरेको तथा हालसालै कार्यालयको लागि घर भाडामा लिई कामको थालनि समेत भएको देखिन्छ।उपभोक्ता हितको विषय उद्योग, पर्यटन, वन तथा

वातावरण मन्त्रालय अन्तर्गत राखिएको भए तापनि उपभोक्ताको हितसंग सम्वन्धित विषयहरु प्राथमिकतामा परेको देखिदैन। मन्त्रालयको ध्यान उद्योग, वन र केही मात्रामा पर्यटन तर्फ गएतापनि उपभोक्ताको हित जस्तो गम्भीर विषयमा मन्त्रालयको ध्यान नजानु दुःखद पक्षको रुपमा रहेको छ।

स्वच्छ वातावरणमा बाँच्न पाउनु तथा सफा, शुद्ध, मिसावट रहित उपभोग्य वस्तुको उपभोग गर्न पाउनु उपभोक्ताको नैसर्गिक अधिकार हो तापनि प्रदेश सरकारको तर्फवाट यस सम्वन्धमा आवश्यक कानून निर्माणमा समेत ध्यान पुग्न सकेको छैन। आवश्यकता अनुसार वजार अनुगमन हुन नसक्नु, उपभोक्ता हित सम्वन्ध निर्देशनालय कागजमा मात्रै स्थापना हुनु, भौतिक पूर्वाधार प्रयाप्त नहुनु, दक्ष जनशक्तिको अभाव हुनु, वजार अनुगमन नहुनु जस्ता समस्याहरु देखिन्छन। समग्रमा भन्नुपर्दा उपभोक्ताको हित सम्वन्धी विषय प्रदेश सरकारले केन्द्र सरकारको भरमा नै छाडेको देखिन्छ।

## परिच्छेद-५

## सुझावहरु एवं निष्कर्ष

### ५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसंग सम्बन्धी सुझावः

- संविधानको अनुसूचि-६ अन्तर्गत रहेको एकल अधिकारको सूचीका विषयहरुसंग सम्वन्धित कानून निर्माण कार्य अभियानकै रुपमा सञ्चालन गरी आगामी तीन महिनाभित्र सम्पन्न गर्ने।
- साझा अधिकारको सूची अन्तर्गत पर्ने विषयहरुको सम्वन्धमा केन्द्र सरकारसंगको समन्वयमा कानून निर्माणमा अग्रसर हुने।
- स्थानीय तहसंगको राजस्वको वाँडफाँटको कार्यको लागि स्थानीय तहसंग सहकार्य गर्ने गराउने,
- प्रदेश सरकाकारको कार्यसम्पादनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्थापन छिटो गर्ने तथा कर्मचारीको आवश्यक दरवन्दी र कार्यालयको पहिचानको लागि एक कार्यदल वनाएर छिटो काम थालनी गर्नुपर्ने।
- प्रदेश सरकार अर्न्तगतका मन्त्रालय तथा निकायहरुको काम कार्यवाही के कसरी चलिरहेको छ अनुगमन गर्ने र कार्य सम्पादनमा प्रभावकारिता ल्याउन आवश्यक कदम चाल्नुपर्ने,
- सरकारी भौतिक सम्पत्तिको सुरक्षा तथा समुचित प्रयोगमा ध्यान दिनुपर्ने।
- आयोजना बैंक मार्फत आयोजनाको प्राथमिकिकरण गर्नुपर्ने साथै प्रदेशको विकास निर्माणका लागि आयोजना छनौट गर्दा आयोजना बैंक मार्फत गर्ने व्यवस्था अनिवार्य गर्ने।
- प्रदेशको स्थायी राजधानी नतोकिएको कारणले गर्नुपर्ने सबै कामहरु अस्थाई नै हो भन्ने मानसिकताले काम गर्दा कार्यसम्पादनमा प्रभावकारिता आउन सकेको देखिदैन
- प्रदेश राजधानीमा भएको कर्मचारी आवास समेत न्यायोचित वितरण हुन नसक्दा कुनै कार्यालयमा कार्यालय सहयोगीसम्मलाई आवास सुविधा उपलब्ध छ भने कुनै कार्यालयमा कर्मचारी आवासनै नभएको अवस्था समेत देखिन्छ। तसर्थ प्रदेश राजधानीमा कार्यरत कर्मचारीलाई समान सुविधाको व्यवस्था मिलाउनु पर्ने।
- केहि वैदेशिक प्रान्तिय सरकारहरुसंग औपचारिक छलफल तथा सम्बन्ध कायम गरी प्रदेशको समग्र विकासमा ध्यान दिनुपर्ने।
- अभिलेख राख्ने तथा नियमन गर्ने कार्यालय नभएको कारण अभिलेखको सुरक्षा जोखिममा रहेको छ। त्यसकारण अभिलेख राख्ने कार्यालय स्थापना गर्नुपर्ने वा राष्ट्रिय अभिलेखालय संग सहकार्य गरी प्रदेशको अभिलेख सुरक्षित गर्ने व्यवस्था मिलाउनु पर्ने।

- सुशासन कायम गर्नको लागि कर्मचारीतन्त्र तथा अन्य सरकारी संगठनहरुको मानसिकता र व्यवहारमा परिवर्तन, काममा चुस्तता, छरितोपन, अग्रशरता, तदारुकता, गुणस्तरीयता, नियमन, अनुगमन र यथार्थता, सेवाग्राहीहरु दण्डवत हुनुपर्ने, मानसम्मान र खानपानको ब्यवस्था मिलाउनु जस्ता कार्यको अन्त्य हुनुपर्ने देखिन्छ।
- कानून निर्माण, नीति नियम, कार्यविधि निर्माणका समयमा प्रशस्त छिद्रहरु राख्ने र प्वाल पार्ने प्रवृत्ति हावी छ। समस्याको समाधान होइन, जटीलतातिर लम्कने र काम हुनै नदिने स्थिति छ। यी सबै समस्याहरुको उचित समाधान राजनैतिक नेतृत्वले मात्र गर्न सक्दछ। सुशासनको भाषणमा होइन, कानून निर्माण र निर्भयका साथ कठोर कार्यान्वयनमा उभिनु पर्दछ।
- प्रदेश सरकारको अर्को प्रतिवद्धता भ्रष्टाचार मुक्त प्रदेश। म भ्रष्टाचार गर्दिन, भ्रष्टाचार हुन दिन्न भन्ने नारा वास्तविक कार्यान्वयनमा आउन नसकेको कारण यसको मूल्याङ्कन र समीक्षा गर्ने नियमन गर्ने निकाय स्थापना गर्नुपर्ने।
- कर्मचारीतन्त्र, पुलिस प्रशासन र निजी क्षेत्रमा समेत हुने भ्रष्टाचारलाई राजनैतिक तहबाट हुने संरक्षण र अझ राजनैतिक नेतृत्वकै संलग्नता तितो सत्यता हो। सरकारका अनुदानमा कमिसन, विभिन्न योजनाहरुमा कमिसन, गुणस्तरहिनता, ढिलासुस्ति, जनतालाई प्रदान गर्ने सेवामा घुस, निर्वाचित जनप्रतिनिधिहरु नै निर्माण कार्यमा संलग्न हुँदा हुने अनियमितता, खरिदमा हुने अपारदर्शिता आदि क्षेत्र यस प्रदेशमा पनि सुनिने अनियमितता र भ्रष्टाचारका क्षेत्र हुन्। बजेट निर्माणको क्रमसंगै अनियमिता अनगिन्ती क्षिद्रहरु छोड्ने, आयोजना तयार गर्ने क्रममै कमिशनको क्रम तयार हुने स्थिति छ। कर्मचारीहरु काम प्रतिभन्दा पनि मालदार अफिस भन्दै तहां सरुवा माग्ने कुरा प्रदेशमा आइपुग्दा पनि रोकिएन।यस्ता कार्य अघोषित रुपमा भ्रष्टाचारलाई सहयोग गर्ने तिरै लक्षित हुन्छन्। यसको अन्तको निम्ति पहिलो छिंडी राजनैतिक प्रतिवद्धता नै हो, राजनैतिक नेतृत्व कठोर र निर्मम बन्न सक्नु पर्छ। प्रदेश स्तरिय अख्तियार अनुसन्धान आयोग तत्काल बन्नु जरुरी छ।
- प्रदेश सरकारले कर्मचारी व्यवस्थापन गर्न नसक्नाले आफ्नो योजना कार्यान्वयनमा पनि पछि पर्यो। एउटै कार्यालयमा संघ, र प्रदेशका कर्मचारी रहँदा समन्वयमा असहजता आएको देखिन्छ। यसको समाधानको लागि सरकारले विशेष कदम चाल्नुपर्ने।
- हाल समायोजन विधेयक परिमार्जन गरी प्रदेशका सबै कर्मचारीहरु प्रदेश अन्तरगत रहने र प्रदेश सचिवहरुले पनि संघीय सचिवमा प्रतिस्पर्धा गर्न पाउने व्यवस्था

गरिनु उपयुक्त हुन्छ।प्रदेशलाई आवश्यक पर्ने कर्मचारी नियुक्तिको लागि लोकसेवा आयोगसंग समन्वय गरी छिटो विधिवाट आवश्यक कर्मचारीहरु नियुक्ति गर्ने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ।

- प्रदेश लोकसेवा आयोग सम्वन्धी विधेयक तत्काल सदनमा पेश गर्नुपर्ने।
- सरकारको नीति तथा कार्यक्रममा अनुगमन, नियमन र कार्वाहिको लागि मुख्य मन्त्रीको नेतृत्व एउटा समिति र प्रमुख सचिवको नेतृत्वमा अर्को समिति वनाउने भनिएको तर त्यो व्यवहामा प्रस्फुटित हुन सकेन। यसलाई कढाईका साथ लागू गर्दै हरेक निर्वाचन क्षेत्रमा संचालित आयोजनाहरुको अनुगमन र मूल्याङ्कन गर्न त्यस क्षेत्रबाट प्रत्यक्ष निर्वाचित प्रदेशसभाको सदस्यको संयोजकत्वमा अन्य सदस्य समेत रहनेगरी समिति बनाउने प्रणाली स्थापित गर्नु पर्ने।
- मुख्यमन्त्रीको नाम जोडिएर प्रस्तुत भएका मुख्यमन्त्री ग्रामिण सडक, मुख्यमन्त्री स्वास्थ्य कार्यक्रमले खासै गति लिन सकेको छैन, यसतर्फ ध्यान दिनुपर्ने।
- विधेयकमा प्रस्तुत भए अनुसारका कार्यविधि, नियमावली, गठन आदेश, तोकिए बमोजिम भनिएका विषयहरु सभालाई जानकारी गराउनु पर्ने।
- मन्त्रिपरिषद्ले गरेका निर्णयहरुको जानकारी प्रदेश मामिला समितिमा समेत पठाउने व्यवस्था मिलाउने।
- मानव अधिकार संरक्षण र प्रवर्द्धनका सम्वन्धमा प्रदेशको छुट्टै कार्यक्रमको व्यवस्था गर्ने।
- केन्द्र मातहतका सवै आयोगले गरेका काम, कार्यवाही तथा निर्णयको जानकारी प्रदेश सरकारले पाउने व्यवस्था मिलाउन केन्द्रसंग समन्वय गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छुट्टै संयन्त्र निर्माण गर्ने।
- संघीय सरकारको स्वीकृति वमोजिम हुने द्विपक्षीय वा वहुपक्षीय सन्धि, सम्झौता वा सहमति गर्ने कार्यका लागि आवश्यक कानूनको निर्माण कार्य अगाडि वढाउने।
- सघ, प्रदेश, स्थानीय तथा अन्तर प्रदेश समन्वय सम्वन्धमा आवश्यक कार्ययोजना वनाउने।
- प्रदेश र स्थानीय तहमा रहेका रिक्त स्थानहरुको निर्वाचनका लागि संघसंग आवश्यक पहल गर्ने।
- प्रदेश निजामती सेवा गठन र व्यवस्थापन सम्वन्धमा आवश्यक कानून निर्माण कार्य अगाडि वढाउने।
- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि प्रदेश स्तरमा तालिम केन्द्र स्थापना गर्ने।
- प्रदेश सार्वजिनक सेवा निर्माण सम्वन्धी आवश्यक कार्य अगाडि वढाउने।

## ५.२ आन्तरिक मामिला तथा कानून मत्रालयसंग सम्बन्धी सुझावः

- प्रदेशको शान्ति सुरक्षा, अपराध अनुसन्धान, विशिष्ट व्यक्तिहरु लगायत महत्वपूर्ण भौतिक संरचनाहरुको सुरक्षा जस्ता महत्वपूर्ण कार्यहरु प्रहरी संचालनको उचित प्रवन्ध मिलाउनको लागि प्रदेश प्रहरी स्थापना लगायतको लागि आवश्यक कानून निर्माण गरिनुपर्ने।
- प्रदेशलाई आवश्यक पर्ने कानून पहिचान गरी कानून निर्माणमा तिव्रता दिने,
- प्रदेश भित्रको अपराध अनुसन्धान तथा आपराधिक गतिविधिको सूचना संकलनको लागि प्रदेश अनुसन्धान व्युरो सम्वन्धी ऐन तर्जुमा गर्नुपर्ने,
- विपद व्यवस्थापनको लागि विपद जोखिमयुक्त स्थान र विभिन्न प्रकृतिका विपद्हरु जस्तै वाढी पहिरो, चटयाङ्ग, हिमताल विष्फोट लगायतका जोखिमहरुको न्यूनीकरणको लागि आवश्यक कार्य गर्ने,
- प्रादेशिक विपद् कोषको स्थापना र संचालन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्साङ्कन र वस्ती स्थानान्तरण सम्वन्धी कार्यहरुलाई प्राथमिकतामा राखी कार्य गर्ने।
- विपद्को पूर्व तयारी र नागरिक सचेतना तथा तालिम कार्यक्रमहरु व्यापक रुपले नागरिक स्तरसम्म सहज पुग्ने गरी सञ्चालन गर्नुपर्ने।
- प्रदेश भित्रको संञ्चार व्यवस्थित गर्ने कार्यका लागि प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्था गर्ने।
- प्रदेश स्तरमा रहेका कारागारहरुको अनुगमन गरि रहेका समस्या पहिचान तथा सुधारका कार्यहरु गर्ने।भिमफेदीमा स्थापना गरिएको जस्तै महिला कारागारको व्यवस्था अन्य कारागाहरुमा समेत गर्नेपर्ने।
- सबै प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रीहरु बीचको अन्तरप्रदेशीय अनुभव आदानप्रदान कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिनुपर्ने।
- विपद ब्यवस्थापन कोष वाट गरिने खर्चको वितरण प्रणाली सहज, पारदर्शी र न्यायमूलक बनाउनु पर्दछ।
- नागरिकलाई निशुल्क कानूनी सहायता अभियान अन्तर्गत संचालित ७४ वटै गाँउपालिकाहरुमा नियुक्त गरिएका कानूनी सहजकर्ताहरुमा कानून विषयमा अध्ययन गरेको व्यक्तिलाई मात्र नियुक्ति गर्ने व्यवस्था मिलाउने।साथै नगरपालिकामा समेत यस्तो व्यवस्था हुनुपर्ने।
- संघसंग समन्वयको लागि आवश्यक संरचना र कार्यविधि निर्माणको लागि पहल गर्नुपर्ने।

- प्रदेशका महत्वपूर्ण भौतिक संरचना र संवेदनशिल सार्वजनिक स्थल पहिचान गरी संरक्षण र व्यवस्थापन गर्नुपर्ने।
- प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना संकलन, नियन्त्रण सम्वन्धी आवश्यक संरचना र कार्यविधि निर्माण गर्नुपर्ने।
- अन्तर्राष्ट्रिय सिमाक्षेत्रमा हुने आपराधिक गतिविधिको सूचना संकलन र उपयोगको लागि आवश्यक रणनीति तयार गर्ने।
- सामुदायिक प्रहरी स्थापना र सञ्चालन सम्वन्धमा आवश्यक कार्ययोजना निर्माण गर्ने।
- प्रदेश भित्रको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन, सिण्डिकेट र कार्टेलिङ्ग नियन्त्रणको प्रभावकारी कार्ययोजना तयार गरिनु पर्ने।
- न्यायिक र अर्धन्यायिक निकायका फैसला कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तर्जुमा गर्नुपर्ने।
- सरकारी कामका लागि जग्गा व्यवस्थापन सम्वन्धी कानून निर्माणमा अगाडि वढ्नुपर्ने।
- प्रदेशमा सार्वजनिक विदा सम्वन्धमा वार्षिक कार्यतालिका वनाई लागू गर्नुपर्ने।
- चलचित्र घर निर्माण, सञ्चालन, प्रदर्शन अनुमति र नियमन ऐन निर्माण गर्नुपर्ने।
- द्वन्द पीडित तथा विस्थापित परिवारलाई सहायता वितरण गर्दा वास्तविक पीडित तथा विस्थापितले पाउने ब्यवस्थाको सुनिश्चितता गर्ने तथा वास्तविक पीडितहरु सूचना विहीन रहेने स्थितिको अन्त गरी उनीहरुलाई उत्पादनको कार्यसंग जोड्दै आत्मनिर्भर वनाउनेतर्फ अगाडि वढ्नुपर्ने।
- प्रदेश प्रहरी संगठन सुदृढीकरण कार्यक्रम अन्तरगत प्रहरी चौकी निर्माण, यातायातको साधन खरिद जस्ता कार्यमा ठूलो रकम खर्च भएको देखिन्छ। त्यस्तो खर्च केन्द्र सरकार मातहतका निकायमा भएको हुँदा प्रदेश सरकारलाई अनावश्यक आर्थिक व्ययभर परेकोले प्रदेश सरकारले आफ्नो संरचनामा मात्र खर्च गरी आर्थिक मितव्ययिता अपनाउनु पर्ने।
- प्रदेश सरकारले निर्माण गर्न लागेका पार्कहरुको आवश्यकता, माग, स्थान छनौट गर्ने प्रक्रिया, त्यसले दिने उपलब्धि वारेमा उचित कार्यविधि वनाई सोही अनुरुप कार्यगर्नुपर्ने देखिन्छ।
- वर्षायाम शुरु भएको अवस्थामा विपद् सम्भाव्य स्थानहरुको पहिचान गरी समयमै आवश्यक उद्धार तथा राहत रणनीति तयार गरी सोही अनुरुपको उद्धार तथा राहत कार्यका लागि चुस्त, दुरुस्त प्रशासनिक संगठन तयार पार्ने।

- लोककल्याणकारी विज्ञापन प्रदान गर्ने शुरुवातीले पत्रकारिता जगतलाई प्रोत्साहित जरुर गर्नेछ।यसलाई निष्पक्ष र यथार्थपरक मूल्याङ्कन गरी प्रदान गर्ने विधि स्थापित गर्नुपर्ने।
- स्थानीय तहले निर्माण गरेका कानूनहरुको अध्ययन गर्ने, विश्लेषण गर्ने र प्रदेश तथा संघीय कानूनसंग वाझिएको हदसम्म खारेज गर्न निर्देशन दिने तथा आफूले निर्माण गरेको कानून कार्यान्वयनमा आए नआएका अबलोकन गर्ने र निर्देशन दिने कार्य गर्नुपर्ने।

## ५.३ निष्कर्ष:

संविधान सभावाट २०७२ सालमा निर्मित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान अनुरुप नेपाल एकात्मक संरचनावाट संघीय राष्ट्र वन्न पुग्यो। यस संघीय स्वरुप वमोजिमको पहिलो निर्वाचन स्थानीय तहको बैशाखदेखि भाद्रसम्म र प्रदेश तथा संघको निर्वाचन मंसिरमा सम्पन्न भए पनि विभिन्न संवैधानिक र कानूनी अड्चनका कारण प्रदेश सभाले बैधानिकता (सपथ ग्रहण) २०७४ माघ ७ मा र प्रदेश सरकारको गठन २०७४ माघ २७ मा सम्पन्न भयो।

पहिलो प्रदेश सभा गठन भइरहँदा प्रदेशसभासंग आफ्नै बैठक र काम कारवाही अगाडि वढाउने कुनै कार्यविधि थिएन। प्रदेश सभा आफैंले आफुलाई सञ्चालन गर्ने नियमावली तथा अन्य कार्यविधि वनाई संचालन गर्नु पर्ने अबस्थाले प्रदेश सभा सन्चालन र समितिहरुको काम कर्तव्य र अधिकार सम्बन्धी कार्यहरुमा केही ढिला , केही कमजोरी देखिए पनि समितिले आफूलाई परिस्कृत गर्दै संसदीय समितिले निर्वाह गर्नु पर्ने महत्वपूर्ण जिम्मेवारी कुशलताका साथ निर्वाह गरेको छ। यस अबधिमा २८ वटा बैठक र १० वटाभन्दा बढी गोष्ठी, सेमिनार जस्ता कार्य सम्पन्न भएका छन। यसलाई सन्तोष जनक मान्नु पर्छ।

यो अवस्थामा सरकारसंग धेरै आशा गर्न सकिंदैन थियो तर आवश्यक कानून निर्माण,भएको संयन्त्र परिचालन , अनुगमन , नियमन र आम जनतामा पुर्याउन सकिने परिवर्तन प्रतिको विश्वसनीयता प्रदर्शन गर्न पनि सरकार पछि परेको देखिन्छ। यसका अलवा विविन्न मन्त्रालयबाट आफ्नो कार्य प्रगति प्रकाशित गर्ने, सरोकारवालाहरु संग बारम्वार अन्तर्क्रिया गर्ने , आफूले एक वर्षमा गरेको कार्य प्रगती सार्वजनिक गरि आम जनता संग थप राय सुझाव माग गर्ने, पन्च वर्षिय योजना को आधार पत्र तयार गरि आफु व्यवस्थित ढंगले अगाडि बढ्दै गरेको सन्देश प्रबाह गर्ने, लथालिङ र अव्यवस्थित रहने परियोजनाहरुलाई परियोजना बैंक मार्फत व्यवस्थित गर्ने प्रयास गर्ने जस्ता कार्य हरु मननयोग्य छन।

प्रदेश सरकार गठन भई रहेको अबस्थामा भौतिक संरचना र मानब स्रोत साधन दुवै प्राय सुन्ने अवस्थामा थियो। संघीय सरकारले निर्माण गर्नु पर्ने कानूनहरु बनी सकेका थिएनन्। प्रदेश सरकारले त आफैंले जिरोबाट सुरु गर्नु पर्ने थियो। प्रदेश सरकार मातहत संकलन हुने राजस्व र कर सरकारका दायरामा आएका थिएनन् प्रदेश सरकार मातहतका निकायहरु के कहाँ र कसरी सबैको अवस्था शुन्य जस्तै थियो। सरकारको नीति कार्यक्रम र बजेट लागू गर्ने निकायहरु नहुँदा अन्योलग्रस्त हुनु स्वभाविक थियो। जब निकायहरु टुङगो लाग्यो, त्यसले पनि चुस्त गति लिन सकेन। प्रदेश सरकारका कार्यक्रमहरु अलपत्र परेका देखिन्छन्।

कानून निर्माण सम्वन्धी नीतिगत र व्यवहारिक प्रशिक्षणको माध्यमवाट प्रदेश सभाका सदस्यहरुमा समेत कानून निर्माणको क्षेत्रमा क्षमता अभिवृद्धि भएको छ। विधेयकहरुमा गहिरो अध्ययन गरी आवश्यकताका आधारमा परिमार्जन गर्ने र ऐन अन्तर्गत वन्ने नियमावली र निर्देशिकाहरु समेत ऐन सरहका हुने हुँदा त्यसमा समेत विषेश ध्यान पुर्याउने र धेरै कुराको सम्वोधन ऐन मार्फत नै हुने गरी कानून निर्माणमा जोड दिइएको छ।

प्रदेश सरकारको काम कार्यवाहीको निगरानी गर्ने क्रममा समिति चनाखो भएर लागेको तथा प्रदेश सरकारका हरेक क्रियाकलापको अनुगमन तथा सकारात्मक र नकारात्मक कुराको लेखाजोखा गरी सदनमा प्रश्न उठाउने समेत गरेको कारणवाट प्रदेश सभाको संसदीय अभ्यासमा समेत सकारात्मक प्रभाव पर्दै गएको देखिन्छ।

आगामी दिनहरुमा समेत प्रदेश सरकारका कार्यको अनुगमन र मूल्याङ्कन मात्रै नभई संविधान र ऐन कानुनको कसीमा परीक्षण गरी सरकारको कार्यमा प्रभावकारिता ल्याउन समेत सहयोगी भूमिका खेल्ने छ।

**आर्थिक कार्य प्रगतिः**

- मन्त्रालयबाट प्राप्त विवरणका आधारमा आर्थिक तथा कार्य प्रगतिको वास्तविक विश्लेषण गर्न सकिदैन। शीर्षकगत छुट्याइएका रकमहरुको अनुमानीत लागत रकम उल्लेख छन् तर खर्च रकम उल्लेख छैनन्। धेरै जस्ता कार्य प्रारम्भ भनिएका छन् कुन चरणमा पुगे उल्लेख छैनन्।
- हामी करिब करिब आर्थिक वर्षको अन्तमा आई सकेका छौ तर आर्थिक वर्षको अन्तसम्ममा हुन सक्ने भनिएका कार्यहरुको अवस्था बारे जानकारी उपलब्ध हुन सकेका छैनन्। वार्षिक कार्यक्रममा उल्लेखित कार्यक्रमको पचास प्रतिसत काम हुन नसक्ने अवस्था देखिन्छ।
- प्रदेश प्रहरी संगठन सुदृढीकरण कार्यमा गरिएको खर्च आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गएर गरेको देखिन्छ।

## अनुसूची-१
## समितिको आन्तरिक कार्यविधि

### प्रदेश मामिला समितिको आन्तरिक कार्यविधि, २०७५

**प्रस्तावनाः**

प्रदेश नम्बर ३ को प्रदेश सभा नियमावली,२०७४ को दफा १५१ को (२) ले दिएको अधिकार प्रयोग गरी प्रदेश मामिला समितिको कामलाई प्रभावकारी बनाउन र सु-ब्यबस्थित ढंगबाट अगाडि बढाउन तथा समितिमा रहेका सदस्यहरुको कार्यक्षमतामा समेत अभिबृद्धि गर्ने उद्देश्यले,

समितिले यो कार्यविधि बनाएकोछ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "प्रदेश सभा, प्रदेश नम्बर ३ को प्रदेश मामिला समितिको कार्यविधि २०७५ रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधीमाः-

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ख) "नेपाल सरकार" भन्नाले संघीय सरकार सम्झनु पर्दछ।

(ग) "प्रदेश सभा" भन्नाले प्रदेश नं ३ को प्रदेश सभा सम्झनु पर्दछ।

(घ) "प्रदेस सरकार" भन्नाले प्रदेश नं. ३ को सरकार सम्झनु पर्दछ।

(ङ) "सभामुख भन्नाले" प्रदेश सभाको सभामुख सम्झनु पर्दछ।

(च) "उपसभामुख" भन्नाले प्रदेश सभाको उपसभामुख सम्झनु पर्दछ।

(छ) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय र अन्तरगतको अन्य मन्त्राल समेत सम्झनु पर्दछ।

(ज) "मुख्य मन्त्री" भन्नाले प्रदेश सरकारको मुख्यमन्त्री सम्झनु पर्दछ।

(झ) "मन्त्री" भन्नाले प्रदेश नं. ३ अन्तरगतको मन्त्री सम्झनु पर्दछ।

(ञ) "सभापति" भन्नाले प्रदेश मामिला समितिका सभापति सम्झनु पर्दछ।

(ट) "प्रदेश सभा सदस्य" भन्नाले प्रदेश नं. ३ को सभाका सदस्य सम्झनु पर्दछ।

(ठ) "सदस्य" भन्नाले प्रदेश मामिला समिति र उपसमितिका सदस्य सम्झनु पर्दछ।

(ड) "समितिको कार्यविधि" भन्नाले प्रदेश मामिला समितिको कार्यविधि २०७५" सम्झनु पर्दछ।

(ढ) "नियमावली" भन्नाले प्रदेश नं. ३ को प्रदेश सभा नियमावली, २०७४ सम्झनु पर्दछ।

(ण) "बैठक" भन्नाले प्रदेश मामिला समितिको बैठक सम्झनु पर्दछ।

(त) "उप समिति" भन्नाले समितिको बैठकबाट गठन गरिएको उप-समिति सम्झनु पर्दछ।

(थ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले प्रदेश सभाले वा प्रदेश मामिला समितिले तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(द) "सचिब" भन्नाले समिति तथा उप-समितिको सचिब भै काम गर्न जिम्मेवारी प्राप्त कर्मचारी सम्झनु पर्दछ।

(ध) "स्थानीय तह" भन्नाले प्रदेश नं ३ भित्र रहेका जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिका सम्झनु पर्दछ।

(न) "बैठक भन्नाले समिति तथा उप-समितिको बैठक सम्झनु पर्दछ।

(प) "संयोजक" भन्नाले समितिले गठन गरेको उप-समितिको संयोजक सम्झनु पर्दछ।

(फ) "सह संयोजक" भन्नाले समितिले गठन गरेको उप-समितिको सह संयोजक सम्झनु पर्दछ।

## परिच्छेद-२

## समितिको काम कर्तब्य तथा अधिकार

३. **समितिको काम कर्तब्य तथा अधिकार निम्नानुसार हुनेछः**

(क) प्रदेश सभा नियमावली २०७४ को दफा १५१ (१) ले प्रदान गरेको अधिकारहरु प्रयोग गर्ने।

(ख) नियमित रुपमा बैठक बसी कार्ययोजना निर्माण गर्नुका साथै भएका कामका सन्दर्भमा समीक्षा गर्ने।

(ग) आवश्यक मात्रामा उपसमितिहरुको गठन गरी सदस्यहरुको जिम्मेवारी तोक्ने।

(घ) सदस्यहरु परिचालनको योजना बनाउने।

(ङ) उपसमितिहरुबाट प्राप्त प्रतिवेदन, राय र योजनामा छलफल गरी निर्णय दिने।

(च) समिति तथा उपसमितिहरुबाट प्रस्तुत भएका कार्ययोजनामा आवश्यक पर्ने बजेट समितिबाट निर्णय गराई प्रदेश सभा सचिवालय मार्फत माग गर्ने।

## परिच्छेद-३

## <u>काम कर्तब्य तथा अधिकार सम्वन्धी व्यवस्था</u>

४. **<u>सभापतिको काम, कर्तव्य र अधिकारः</u>** समितिको सभापतिको काम कर्तब्य तथा अधिकार देहाय वमोजिम हुनेछः-

(क) समितिको बैठक बोलाउने तथा बैठकको अध्यक्षता गर्ने।

(ख) प्रदेश सभा नियमावलीले प्रदान गरेको अधिकार प्रयोग गर्ने।

(ग) निर्णय भएका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने।

(घ) समितिको तर्फबाट अन्य निकायसंग हुने काम कार्वाहीमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

(ङ) समितिलाई नेतृत्व प्रदान गर्ने।

(च) प्रचलित ऐन नियम बमोजिम तोकिएका कार्यहरु गर्ने।

**५. सदस्यको काम, कर्तव्य र अधिकारः-** समितिका सदस्यको काम कर्तब्य तथा अधिकार देहाय वमोजिम हुनेछः-

(क) समिति तथा उप-समितिको बैठकमा सहभागिता जनाउने, छलफलमा भाग लिने, विषयमा राय प्रस्तुत गर्ने।

(ख) आफूलाई प्रदान गरिएको जिम्मेवारी रचनात्मक तथा सृजनात्मक तरिकाबाट निर्वाह गर्ने।

(ग) सभापति तथा उपसमिति संयोजकले तोकेको अन्य कार्य गर्ने।

(घ) समिति, उप-समितिको काम प्रभावकारी रुपमा सम्पन्न गर्न दत्तचित्त भई कार्य गर्ने।

(ङ) समिति, उप-समितिले गर्नु पर्ने कामको सन्दर्भमा योजना बनाई समिति तथा उप-समितिको बैठकमा पेश गर्ने।

(च) आफूलाई प्रदान गरिएका जिम्मेवारी तथा कामको विवरण समिति तथा उप—समितिको बैठकमा राख्ने।

(छ) सभापति तथा उपसमिति संयोजकलाई सहयोग गर्ने।

(ज) समिति तथा उपसमितिबाट भए गरेका कामका सन्दर्भमा सभापति र संयोजकबाट जानकारी लिने।

६. **<u>समितिको बैठकः</u>**

(क) आवश्यकता अनुसार समितिको बैठक बस्न सक्नेछ।

(ख) समितिको बैठक समितिको सभापतिले बोलाउनेछ।

(ग) कामको प्रकृति र आवश्यकताको आधारमा समितिको बैठक नियमावलीको अधिनमा रहि समितिले तोकेको स्थानमा बस्न सक्नेछ।

(घ) समितिले आवश्यक देखेमा सम्बन्धित विषयका विज्ञ, विशेषज्ञ वा जानकार ब्यक्तिलाई समितिको बैठकमा बोलाउन सकिनेछ।

## परिच्छेद —४
## उप-समिति गठन, काम कर्तब्य र अधिकार

७. **उप-समिति गठनः** समितिको अधिकार क्षेत्रभित्र रहेको कामलाई ब्यबस्थित र छिटो छरितो ढंगबाट सञ्चालन गर्न फरक फरक क्षेत्रमा काम गर्ने गरी उप-समिति गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ। निश्चित कार्यक्रम र योजनाको लागि समयावधि तोकेर एकै उप-समितिका सदस्यहरु वा भिन्न भिन्न उप-समितिका सदस्यहरु रहने गरी उप-समित गठन गर्न सकिनेछ। यसरी उप-समिति गठन गर्दा संयोजक र सहसंयोजकमध्ये एक महिला हुनु पर्नेछ।

७. **उप-समितिको काम कर्तब्य र अधिकारः**

(क) सम्बन्धित मन्त्रालय र निकायसंग सम्बन्धित प्रत्यायोजित ब्यबस्थापन सम्बन्धी र विधेयक माथि दफावार छलफलको लागि समितिलाई सहयोग गर्ने।

(ख) सम्बन्धित क्षेत्रमा क्रियाशिल निजी क्षेत्रसंग सम्बन्धित संघ संस्थासंग छलफलको आयोजना गरी आवश्यक राय सुझाव संकलन गर्ने।

(ग) वार्षिक कार्ययोजना निर्माण गरी सदस्यहरुलाई परिचालन गर्ने।

(घ) वार्षिक कार्ययोजना तथा विशेष कार्यक्रमको लागि आवश्यक बजेट तयार गरी समितिको बैठकमा पेश गर्ने।

(ङ) उप—समितिको बैठकले कामको प्रकृति र छिटो छरितो काम सम्पन्न गर्न उप—समितिका सदस्यहरुलाई कामको बाँडफाँड गर्न सक्नेछ।

(च) सम्बन्धित क्षेत्रको विकासका लागि उचित परियोजना तयार गरी बजेटको ब्यवस्था गर्न समिति मार्फत सरकारको ध्यनाकर्षण गराउने।

(छ) उप-समितिले गरेका काम र संकलन गरेका तथ्य तथ्याक र विवरणको आवश्यकता अनुसार विभिन्न माध्यमद्धारा प्रचार प्रसार गर्ने।

८. **उप-समितिको बैठकः**

(क) आवश्यकता अनुसार उप-समितिको बैठक बस्न सक्नेछ।

(ख) उप-समितिको बैठक उप-समितिको संयोजकले बोलाउँनेछ।

(ग) बैठकको अध्यक्षता संयोजकले गर्नेछ। संयोजकको अनुपस्थितिमा सहसंयोजकले बैठकको अध्यक्षता गर्नेछ।

(घ) उप-समितिको बैठकमा समितिका सभापतिलाई अनिवार्य रुपमा बोलाउनु पर्नेछ।

(ङ) कामको प्रकृति र आवश्यकताको आधारमा नियमावलीको अधिनमा रही उप-समितिको बैठक उप-समितिले तोकेको स्थानमा बस्न सक्नेछ।

(च) समितिले आवश्यक देखेमा सम्बन्धित विषयका विज्ञ, विशेषज्ञ वा जानकार ब्यक्तिलाई उप-समितिको बैठकमा बोलाउन सकिनेछ।

## परिच्छेद-५

## विविध

९. **जिम्मेवारीमा हेरफेरः उप**-समितिमा राखिएका सदस्यहरुको माग र कामको अनुभवको आधारमा एक पटकको लागि समितिका सभापतिले जिम्मेवारी हेरफेर गर्न सक्नेछ।

१०. **सदस्यलाई ध्यानाकर्षणः** समिति, उप-समितिमा रहेर जिम्मेवारी पूरा नगर्ने सदस्यहरुको कामको मुल्याकन गर्दै सभापतिले सम्बन्धित सदस्यलाई ध्यानाकर्षण गराउन सक्नेछ।

११. **सदस्यको दायित्वः** उप-समितिको काम कार्वाहीमा सहयोग पुऱ्याउनु र प्राप्त जिम्मेवारी पूरा गर्नु सदस्यहरुको दायित्व हुनेछ।

१२. **समितिमा पेश गर्नेः सम्बन्धित** मन्त्रालय, निकायका काम, गतिविधि सम्बन्धमा सम्बन्धित विषयका उप-समितिले गरेका काम कार्वाहीको विवरण समितिको बैठकमा प्रस्तुत गर्नु पर्नेछ।

१३. **सदस्यलाई आमन्त्रणः** उप-समितिले आयोजना गरेका कार्यक्रमहरुमा समितिका सभापति लगायत अन्य उप-समितिका सदस्यहरुलाई बोलाउनु पर्नेछ।

## अनुसूची-२

## समितिको कार्यक्षेत्र अन्तर्गतका मन्त्रालयहरुको कार्यप्रगति विवरण

### २.१.२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट हालसम्म सम्पादन भएका मुख्य कार्य तथा उपलब्धिहरुः

**आ. व. २०७४/०७६ मा सम्पादित कार्यहरुः**

**मन्त्रिपरिषद् गठनः**

- मिति २०७५/१०/२९ गते प्रथम चरणमा देहाय बमोजिम मन्त्रिपरिषद्को गठन भएको थियोः

  माननीय डोरमणि पौडेल, मुख्यमन्त्री

  माननीय केशव स्थापित, मन्त्री , भौतिक पूर्वाधार विकास मन्त्रालय

  माननीय शालिकराम जम्कट्टेल , मन्त्री , आन्तरिक मामिला तथा कानुन मन्त्रालय

- मिति २०७५।११।१६ गते दोस्रो चरणमा दहायबमोजिम मन्त्रिपरिषद्को बिस्तार भएको थियोः

  माननीय अरुणप्रसाद नेपाल, मन्त्री, उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्रालय

  माननीय कैलाश प्रसाद ढुंगेल , मन्त्री , आर्थिक मामिला तथा योजना मन्त्रालय

  माननीय दाबा दोर्जे लामा , मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

  माननीय युवराज दुलाल, मन्त्री, सामाजिक विकास मन्त्रालय

**कानून तथा नीति तर्जुमा सम्बन्धीः**

- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४
- प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४
- गाँउ/रनगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
- स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुबिधा सम्बन्धी आदेश, २०७५
- प्रदेश नीति तथा योजना आयोग (गठन तथा सञ्चालन) सम्बन्धी आदेश, २०७५
- मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्तसम्बन्धी ऐन, २०७५
- मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधासम्बन्धी ऐन, २०७५
- प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५
- भ्रष्टाचार निवारण सम्बन्धी प्रदेश रणनीति, २०७५

- जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५।

**प्रशासनिक, व्यवस्थापकीय र सुशासन सम्बन्धी कार्यः**

- नेपाल सरकारबाट प्रदेश मातहत खटाइएका कर्मचारीहरूको कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गरी कामकाजको व्यवस्था मिलाइएको।
- प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरूको अभिलेखीकरण साथै सार्बजनिकीकरण गरिएको।
- कार्यालयको वेभसाइट र इमेल तयार गरी नियमित रुपमा अद्यावधिक गरिएको।
- प्रबक्ता र सूचना अधिकारीको व्यवस्था गरी सञ्चारकर्मीसँग नियमित रूपमा सूचना प्रवाह र अन्तरक्रिया गरिएको।
- सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको।
- प्रदेश सरकार मातहतका कर्मचारीहरूको वार्षिक तथा अर्धवार्षिक कार्यसम्पादन मूल्याङ्कन गरिएको।
- प्रदेश अन्तर्गतका जनप्रतिनिधिहरू र निजामती बाहेकका कर्मचारीहरूको सम्पत्ति विवरणको अभिलेखीकरण गरी राष्ट्रिय सतर्कता केन्द्रमा पठाइएको।
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा सन्देशमूलक सूचना एफ. एम. रेडियोबाट प्रसारण गरिएको।
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा सञ्चारकर्मीहरूसँग अन्तरक्रिया कार्यक्रम गरिएको।

**मन्त्रिपरिषद् बैठक**

- मन्त्रिपरिषद्का ४१ वटा बैठक र १८५ वटा निर्णयहरु गरिएको।

**तालिम सम्बन्धी कार्य**

- श्रेणीविहीन कर्मचारीहरूलाई कार्यालय व्यवहार सम्बन्धी तालिम दिइएको।
- कर्मचारीका लागि उत्प्रेरणा तथा सिप विकास तालिमहरू प्रदान गरिएको।
- राजपत्राङ्कित श्रेणीका कर्मचारीका लागि सिप विकासका तालिमहरू प्रदान गरिएको।

**नीति तथा कार्यक्रम सम्बन्धी**

- आ.ब. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको।

**शासकीय सुधार सम्बन्धी कार्यहरू**

- स्थानीय तहहरूको लागि भगिनी सम्बन्ध लगायत विभिन्न सिफारिस गरिएको।
- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको लागि क्षमता विकास तालिमहरू सञ्चालन।

**समन्वय/सहकार्य सम्बन्धी कार्यहरू**

- नेपाल सरकार, प्रदेश सरकारका अन्य मन्त्रालयहरू र स्थानीय तहहरुबीच समन्वय गरेको।
- प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न भएको।
- स्थानीय तहहरूको लागि बैदेशिक भ्रमण तथा भगिनी सम्बन्ध स्थापना लतगायत बिभिन्न सिफारिस गरिएको।
- स्थानीय तहको केन्द्र निर्धारण, नाम परिबर्तन तथा वडा सिमाना हेरफेर सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गरिएको।

**विशिष्ट पाहुनाहरूको भ्रमण तथा स्वागत**

- सम्माननीय प्रधानमन्त्री र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको भ्रमण भएको।
- नेपालस्थित विदेशी कूटनीतिक नियोगका प्रतिनिधिहरूको भ्रमण तथा माननीय मुख्यमन्त्रीसँग भेटघाट भएको।
- माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्रीको भ्रमण भएको।

**नियुक्ति सम्बन्धी कार्यहरुः**

- मुख्य न्यायाधिवक्ता नियुक्ति गरिएको।
- प्रदेश नीति तथा योजना आयोगको गठन गरी उपाध्यक्ष तथा सदस्यको नियुक्ति गरिएको।
- माननीय मुख्य मन्त्रीको प्रमुख राजनीतिक सल्लाहकारको नियुक्ति गरिएको।

**मन्त्रालयहरूको भवन व्यवस्थापन**

- क्षेत्रीय प्रशासन कार्यालयको भवनमा प्रदेश प्रमुखको कार्यालय व्यवस्थापन गरिएको।
- जिल्ला समन्वय समितिको भवनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय व्यवस्थापन गरिएको।
- क्षेत्रीय शिक्षा निर्देशनालयको भवनमा प्रदेश सभा सचिवालय व्यवस्थापन गरिएको।
- जिल्ला शिक्षा कार्यालयको भवनमा आन्तरिक मामिला तथा कानून मन्त्रालय व्यवस्थापन गरिएको।
- क्षेत्रीय वन निर्देशनालयको भवनमा आर्थिक मामिला तथा योजना मन्त्रालय व्यवस्थापन गरिएको।
- श्रम कार्यालयको नवनिर्मित भवनमा भौतिक पूर्वाधार विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय व्यवस्थापन गरिएको।

- क्षेत्रीय स्वास्थ्य निर्देशनालयको भवनमा सामाजिक विकास मन्त्रालय व्यवस्थापन गरिएको।
- वन कार्यालयको भवनमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय व्यवस्थापन गरिएको।
- सभामुख र उपसभामुखको निवास व्यवस्थापन गरिएको।
- कार्यपालिका तर्फका कर्मचारीहरूको लागि बसोबासको व्यवस्थापन गरिएको।

**दिबस, समारोहः**

- निजामती सेवा दिवस, देवानी तथा अपराधसंहिता दिवस, अन्तर्राष्ट्रिय मानव अधिकार दिवस लगायतका दिवसहरू मनाइएको।

**विकास सम्बन्धी  कार्यहरू**

- एकीकृत बस्ती विकास सम्बन्धी योजनाको विस्तृत परियोजना प्रतिवेदन तयारी भैरहेको।
- विभिन्न विधामा उत्कृष्ट र सृजनात्मक कार्य गर्ने स्थानीय तह हरुलाई प्रोत्साहन उपलब्ध गराउनेसम्बन्धी मापदण्ड तर्जुमाको प्रक्रियामा रहेको।
- विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिएको।
- काठमाडौं महानगरपालिका र साझा यातायातसँगको सहकार्यमा विद्युतीय सवारी साधन सञ्चालनका लागि प्रक्रिया अगाडि बढाइएको।

**अन्य कार्यहरू**

- अदालतमा प्रदेश सरकार विरुद्ध परेका रिटहरूको लिखित जवाफ पठाइएको।
- कर्मचारी समायोजन सम्वन्धमा हेल्पडेक्स सञ्चालन गरिएको।

### २.१.४ आन्तरिक मामिला तथा कानून मन्त्रालयवाट हालसम्म  सम्पादन भएका मुख्य कार्य तथा उपलब्धिहरुः

**प्रदेश सरकारबाट तर्जुमा गर्नुपर्ने कानूनहरूको सूचीः**

- प्रदेश सरकारबाट पारित भई प्रमाणीकरण भएका ऐन २८ वटा
- प्रदेश सभामा दर्ता भएको विधेयक ४ वटा,
- विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गरिएको १० बटा ,
- आदेश पारित ४ वटा (दुई वटाको ऐन वनिसकेको)
- नियमावली तर्जुमा ३ वटा,
- ऐन अन्तर्गत कार्यविधि तर्जुमा ३ वटा,

**प्रदेश राजपत्र प्रकाशन**

- प्रदेश सभावाट पारित भएका ऐनहरु राजपत्रमा प्रकाशन गरिएको।
- विभिन्न आदेश, संशोधन तथा नियमावलीहरु राजपत्रमा प्रकाशन गरिएको।

**अनुभव आदानप्रदान र समसामायिक विषयक छलफल कार्यक्रम**

- सातै प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रीहरूबीच अन्तरप्रदेश अनुभव आदान प्रदान र समसामयिक विषयक छलफल हेटौंडामा सम्पन्न गरिएको।

**सडक सुरक्षा सचेतना सम्बन्धी प्रचारप्रसार एवं जागरण कार्यक्रम**

- चितवन, मकवानपुर र काठमाडौंमा सडक सुरक्षा सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।

**प्रदेश सरकारको पहिचानः नागरिकलाई निशुल्क कानुनी सहायता अभियान**

- गाँउपालिकामा कानूनी सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि, २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- ७४ बटा गाँउपालिकामा कानूनी सहजकर्ता नियुक्ति भइसकेको।
- गाँउपालिकाका कानूनी सहजकर्ताहरूलाई हेटौडा र रामेछापमा तालिम प्रदान गरिएको।

**सुरक्षा सम्वन्धी गोष्ठी**

- सिन्धुली, चितवन र मकवानपुरमा सुरक्षा गोष्ठी सम्पन्न गरिएको।
- मदिराजन्य बस्तुको उत्पादन, बिक्री वितरण, प्रयोग र सेवनको विद्यमान अवस्थाको सम्बन्धमा सरोकारवाला निकायसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

**द्वन्द्वपीडित तथा विस्थापित परिवारको लागि सहयोग कार्यक्रम।**

- द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धि कार्यविधि, २०७५ तर्जुमा गरी कार्यान्वयनमा आएको।
- जिल्ला प्रशासन कार्यालयहरूबाट द्वन्द्वपीडितहरूको प्रमाणित अभिलेख विबरण सङ्कलन कार्य भइरहेको।

**प्रादेशिक विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन।**

- पाँच करोड रुपैयाँको प्रादेशिक विपद् व्यवस्थापन कोष व्यवस्थापन गरिएको।
- प्रादेशिक विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तर्जुमाको चरणमा रहेको।

**दिगो शान्तिका लागि निर्माण गर्न अध्ययन अनुसन्धान गर्ने।**

- दिगो शान्तिका लागि शान्ति पार्कहरू निर्माणका लागि प्रदेश सरकारबाट निम्न स्थान छनौट भएको।
    - मकवानपुरः शहिद रुद्र पाखिन स्मृति पार्क, मकवानपुरगढी -४, मकवानपुर
    - धादिङः श्रमिक सहिद स्मारक बेनिघाट रोराङ -१०, धादिङ

**प्रहरी चौकीहरूको भवन निर्माण तथा महिला बन्दी गृह निर्माण कार्यक्रम**

- ४६ वटा प्रहरी इकाईहरूको भवन निर्माणका लागि अख्तियारी पठाइएको।
- प्राविधिकहरूबाट स्थलगत अवलोकन गरी लागत अनुमान ड्रइङ डिजाइनको कार्य भैरहेको।
- भीमफेदी कारागारमा महिला बन्दीगृह निर्माणको काम अगाडि बढाइएको।

# अनुसूची-३

(समितिको बैठक संख्याः ८, मिति २०७५/२/३ को निर्णय संग सम्वन्धित)

## समितिको वार्षिक कार्ययोजना तथा अनुमानित खर्च विवरण

१. कार्यालय व्यवस्थापनः

(क) जनशक्ति व्यवस्थापन सम्वन्धी

A. समिति सचिव - १
B. ना.सु/कम्प्यूटर अपरेटर - १
C. ह.स.चा. - १
D. कार्यालय सहयोगी - १

(ख) स्टेशनरी सम्वन्धी

दैनिक कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने छाप, लेटरप्याड, फाईल, फोटोकपी पेपर,पञ्चिङ्ग मेशिन जस्ता सामाग्री खरिदका लागि रु. २,००,०००।-

(ग) फर्निचर तथा फिक्चर सम्वन्धी

| क्र.सं. | विवरण | संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १. | टेबल | २ | २५००० | ५०००० |
| २. | कुर्सी | २ | २५००० | ५०००० |
| ३. | दराज | २ | २५००० | ५०००० |
| ४. | सोफा | २ | ३०००० | ६०००० |
| ५. | अन्य | | | १००००० |
| **जम्मा** | | | | **१०००००** |

(घ) कम्प्यूटर सम्वन्धीः

| क्र.सं. | विवरण | संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १. | कम्प्यूटर | १ | ७५००० | ७५००० |
| २. | ल्यापटप | १ | ९०००० | ९०००० |
| ३. | यू.पि.यस. | १ | २५००० | २५००० |
| ४. | प्रिन्टर/फोटोकपी | १ | ३५००० | ३५००० |
| ५. | कलर प्रिन्टर | १ | २५००० | २५००० |
| **जम्मा** | | | | **२५००००** |

(ङ) सूचना तथा सञ्चार सम्वन्धीः

| क्र.सं. | विवरण | संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १. | टेलिफोन सेट | १ | ३००० | ३००० |
| २. | टेलिफोन महशुल बार्षिक | | | ५०००० |
| ३. | इन्टरनेट खर्च बार्षिक | | | १८००० |
| **जम्मा** | | | | **७१०००** |

२. छपाई तथा पुस्तक खरिद सम्बन्धी

यस प्रदेश मामिला समितिबाट प्रकाशन भएका सामाग्रीहरु छपाई र आवश्यक पुस्तक खरिदका लागि रु. २,००,०००।-

३. समितिको बैठकः

(क) विधेयक सम्वधी बैठक भत्ता रु. १५,००,०००।—

(ख) विषयगत समितिको कार्यक्रमः

A. मन्त्रालयको योजना तथा कार्यक्रम र भए गरेको काम कारवाहीको अनुगमन मूल्याङ्कन।
B. प्रत्यायोजित व्यवस्थापन,
C. छानविन तथा जाँचबुझ आयोग/समितिले प्रतिवेदन कार्यान्वयनको अनुगमन र मूल्याङ्कन,
D. सरकारी आश्वाशनको कार्यान्वयनको स्थिति,
E. सार्वजिनक सम्पत्तिको संरक्षणको अवस्था।

(ग) बिषयगत बैठक भत्ता रु. ५,००,०००।—

(घ) अनुगमन मूल्याङ्कन खर्च रु. ६,००,०००।—

(ङ) उपसमितिको बैठक सञ्चालन तथा अन्य गतिविधिको लागि रु. ५,००,०००।-

४. परामर्श सेवा खर्चः

परामर्श दातालाई दिइने भत्ता ३४ जनाको एक पटकको रु. १०००।— का दरले जम्मा रु. ३४,०००।-

५. समितिका सदस्यहरुलाई क्षमता अभिवृद्धि तालिमका लागि रु. ५,००,०००।—

६. स्थलगत अध्ययन अवलोकन भ्रमण खर्च रु. १०,००,०००।—

७. बैदेशिक अध्ययन अवलोकन भ्रमण खर्च रु. १०,००,०००।—

८. अनुगमन तथा निरिक्षणः

समितिका सदस्यहरुले प्रदेश नं. ३ भित्र भएका विभिन्न कारागार, थुनुवाकक्ष समेत अनुगमन र निरिक्षणका लागि रु. १०,००,०००।—

**<u>कुल जम्मा अनुमानित वार्षिक खर्च</u>**

| क्र.सं. | कार्यक्रम | जम्मा | कैफियत |
|---|---|---|---|
| १. | कार्यालय व्यवस्थापन | ८३१००० | |
| २. | छपाई तथा पुस्तक खरिद सम्बन्धी | २००००० | |
| ३. | समितिको बैठक | ३१००००० | |
| ४. | परामर्श सेवा खर्च | ३४००० | |
| ५. | तालिम | ५००००० | |
| ६. | स्थलगत अध्ययन अवलोकन | १०००००० | |
| ७. | बैदेशिक अध्ययन अवलोकन भ्रमण | १०००००० | |
| ८. | अनुगमन तथा निरिक्षण | १०००००० | |
| **जम्मा** | | **७६६५००** | |

## अनुसूची-४

(समितिको बैठक संख्याः १९, मिति २०७५/८/११ को निर्णय संग सम्वन्धित)

### प्रदेश नं. ३ को प्रदेश सरकार अन्तर्गतका कार्यालय र कर्मचारी दरवन्दी विवरण

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दी कार्यालयगत तेरिज विवरण**

| क.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५२ | |
| २. | प्रदेश सभा सचिवालय | ३६ | |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३८ | |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४८ | |

**५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका कार्यालयहरु तथा दरबन्दी विवरणः**

| क.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| १. | **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय** | **४५** | |
| २. | **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका कार्यालयहरु** | **११६९** | |
| २.१ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १४ | |
| २.२ | घरेलु तथा साना उद्योग कार्यालय, काठमाण्डौं | १६ | |
| २.३ | घरेलु तथा साना उद्योग कार्यालय, काभ्रेपलाञ्चोक | ९ | |
| २.४ | घरेलु तथा साना उद्योग कार्यालय, चितवन | १० | |
| २.५ | घरेलु तथा साना उद्योग कार्यालय, भक्तपुर | ७ | |
| २.६ | घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर | ९ | |
| २.७ | घरेलु तथा साना उद्योग कार्यालय, ललितपुर | २६ | |
| २.८ | वन निर्देशनालय, हेटौंडा | २८ | |
| २.९ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, काठमाण्डौं | १० | |
| २.१० | डिभिजन वन कार्यालय, काठमाण्डौं | ५४ | |
| २.११ | डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोक | ५५ | |
| २.१२ | डिभिजन वन कार्यालय, चितवन | ११० | |
| २.१३ | डिभिजन वन कार्यालय, दोलखा | ४५ | |
| २.१४ | डिभिजन वन कार्यालय, धादिङ्ग | ६० | |
| २.१५ | डिभिजन वन कार्यालय, भक्तपुर | ३७ | |
| २.१६ | डिभिजन वन कार्यालय, मकवानपुर | ११० | |
| २.१७ | डिभिजन वन कार्यालय, मकवानपुर (राप्ती) | ११० | |

| क्र.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| २.१८ | डिभिजन वन कार्यालय, रसुवा | १७ | |
| २.१९ | डिभिजन वन कार्यालय, रामेछाप | ४५ | |
| २.२० | डिभिजन वन कार्यालय, ललितपुर | ५४ | |
| २.२१ | डिभिजन वन कार्यालय, सिन्धुपालञ्चोक | ४५ | |
| २.२२ | डिभिजन वन कार्यालय, सिन्धुली, मरिन | ११० | |
| २.२३ | डिभिजन वन कार्यालय, सिन्धुली (सिन्धुली) | ११० | |
| २.२४ | डिभिजन वन कार्यालय, नुवाकोट | ४४ | |
| २.२५ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिन्धुपाल्चोक, चौतारा | १७ | |
| २.२६ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, ललितपुर, हात्तिवन | १७ | |
| **जम्मा दरवन्दी संख्या** | | **१२१४** | |

६. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका कार्यालयहरु तथा दरबन्दी विवरणः**

| क्र.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| १. | **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको दरबन्दी** | **७३** | |
| २. | ***भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका कार्यालयहरु*** | **५३५** | |
| २.१ | कृषि विकास निर्देशनालय, हेटौंडा | ३८ | |
| २.२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, हरिहरभवन | १६ | |
| २.३ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडा | २५ | |
| २.४ | पशु सेवा तालिम केन्द्र, लगनखेल, ललितपुर | १२ | |
| २.५ | सहकारी प्रशिक्षालय, चितवन | १३ | |
| २.६ | बाख्रा विकास फार्म, चित्लाङ्ग, मकवानपुर | १५ | |
| २.७ | मत्स्य विकास केन्द्र, कुलेखानी, मकवानपुर | ११ | |
| २.८ | मत्स्य विकास केन्द्र, भण्डारा, चितवन | ११ | |
| २.९ | व्यवसायीक ग्रेनेज केन्द्र, चित्तापोल, भक्तपुर | १६ | |
| २.१० | मौरीपालन विकास कार्यक्रम भण्डारा, चितवन | १५ | |
| २.११ | कन्दमूल तरकारी विकास केन्द्र, सिन्धुली | १३ | |
| २.१२ | प्रजनन् पिंढी विज कोया श्रोत केन्द्र, धुनिबेशी, धादिङ्ग | १२ | |
| २.१३ | मसलाबाली विकास केन्द्रपाँचखाल, काभ्रेपलान्चोक | १५ | |
| २.१४ | पुष्प विकास केन्द्र गोदावरी, ललितपुर | १५ | |
| २.१५ | शितोष्ण बागबानी नर्सरी केन्द्र, दामन, मकवानपुर | १६ | |
| २.१६ | किम्बु नर्सरी विकास केन्द्र, भण्डारा, चितवन | १३ | |

| क्र.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| २.१७ | उपोष्ण प्रदेशीय बागबानी विकास केन्द्र, त्रिशुली, नुवाकोट | १८ | |
| २.१८ | शितोष्ण फलफूल रुटस्टक विकास केन्द्र, बोंच, दोलखा | १३ | |
| २.१९ | माटो तथा मल परिक्षण प्रयोगशाला हेटौडा, मकवानपुर | १३ | |
| २.२० | बिउ विजन प्रयोगशाला, हेटौंडा, मकवानपुर | १० | |
| २.२१ | बाली संरक्षण प्रयोगशाला, हरिहरभवन, ललितपुर | ११ | |
| २.२२ | कृषि ज्ञान केन्द्र, चितवन | १७ | |
| २.२३ | कृषि ज्ञान केन्द्र, सिन्धुली | १४ | |
| २.२४ | कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोक | १७ | |
| २.२५ | कृषि ज्ञान केन्द्र, धादिङ्ग | १४ | |
| २.२६ | कृषि ज्ञान केन्द्र, नुवाकोट | १७ | |
| २.२७ | कृषि ज्ञान केन्द्र, रामेछाप | १६ | |
| २.२८ | कृषि ज्ञान केन्द्र, ललितपुर | १७ | |
| २.२९ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, काभ्रेपलान्चोक | १२ | |
| २.३० | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखा | १२ | |
| २.३१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुर | १२ | |
| २.३२ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङ्ग | १० | |
| २.३३ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिन्धुली | १४ | |
| २.३४ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवन | १४ | |
| २.३५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुर | १४ | |
| २.३६ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नुवाकोट | १४ | |
| | **जम्मा दरवन्दी संख्या** | **१२१४** | |

**७. भौतिक पूर्वाधार विकास मन्त्रालय र अन्तर्गतका कार्यालयहरु तथा दरबन्दी विवरणः**

| क्र.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| ३. | **भौतिक पूर्वाधार विकास मन्त्रालय** | **५५** | |
| ४. | ***भौतिक पूर्वाधार विकास मन्त्रालय मन्त्रालय अन्तर्गतका कार्यालयहरु*** | **८३९** | |
| २.१ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, भक्तपुर | ११ | |
| २.२ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, धादिङ्ग | ११ | |
| २.३ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, दोलखा | ११ | |
| २.४ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, काठमाडौं | ११ | |
| २.५ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, काभ्रेपलान्चोक | ११ | |

| क्र.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| २.६ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, ललितपुर | ११ | |
| २.७ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, मकवानपुर | ११ | |
| २.८ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, नुवाकोट | ११ | |
| २.९ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, रामेछाप | ११ | |
| २.१० | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, सिन्धुली | ११ | |
| २.११ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, सिन्धुपाल्चोक | ११ | |
| २.१२ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, चितवन | १४ | |
| २.१३ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, रसुवा | ७ | |
| २.१४ | भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, चितवन | १० | |
| २.१५ | भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, काभ्रेपलाञ्चोक | १० | |
| २.१६ | नारायणी लिफ्ट खगेरी सिंचाइ व्यवस्थापन कार्यालय, चितवन | १३ | |
| २.१७ | शहरी विकास तथा भवन कार्यालय, रामेछाप | १४ | |
| २.१८ | शहरी विकास तथा भवन कार्यालय काभ्रेपलान्चोक | १४ | |
| २.१९ | शहरी विकास तथा भवन कार्यालय, काठमाण्डौ | १४ | |
| २.२० | शहरी विकास तथा भवन कार्यालय, नुवाकोट | १४ | |
| २.२१ | शहरी विकास तथा भवन कार्यालय, चितवन | १४ | |
| २.२२ | खानेपानी तथा सरसफाइ डिभिजन नं. १ मकवानपुर | २१ | |
| २.२३ | खानेपानी तथा सरसफाइ डिभिजन नं. २ धादिङ्ग | २१ | |
| २.२४ | खानेपानी तथा सरसफाइ डिभिजन नं. ३ काभ्रेपलान्चोक | २१ | |
| २.२५ | खानेपानी तथा सरसफाइ डिभिजन नं. ४ सिन्धुली | २१ | |
| २.२६ | खानेपानी तथा सरसफाइ डिभिजन नं. ५ भक्तपुर | २२ | |
| २.२७ | यातायात पूर्वाधार निर्देशनालय, हेटौडा | २३ | |
| २.२८ | पूर्वाधार विकास कार्यालय, रामेछाप | १८ | |
| २.२९ | पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक | १८ | |
| २.३० | पूर्वाधार विकास कार्यालय, भक्तपुर | १८ | |
| २.३१ | पूर्वाधार विकास कार्यालय, ललितपुर | १८ | |
| २.३२ | पूर्वाधार विकास कार्यालय, चितवन | १८ | |
| २.३३ | पूर्वाधार विकास कार्यालय, नुवाकोट | १८ | |
| २.३४ | यातायात व्यवस्थापन कार्यालय, साना ठूला सवारी, ललितपुर | ६२ | |
| २.३५ | यातायात व्यवस्थापन कार्यालय, मोटरसाइकल, काठमाण्डौ | ५५ | |
| २.३६ | यातायात व्यवस्था सेवा कार्यालय, सानो भर्याङ्ग, काठमाण्डौ | १० | |
| २.३७ | यातायात व्यवस्था सेवा कार्यालय, सल्लाघारी, भक्तपुर | ९ | |

| क्र.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| २.३८ | यातायात व्यवस्था सेवा कार्यालय, भरतपुर | ८ | |
| २.३९ | यातायात व्यवस्था सेवा कार्यालय, हेटौडा | ८ | |
| २.४० | यातायात व्यवस्था सेवा कार्यालय, सवारी चालक अनुमतिपत्र, ललितपुर | ३८ | |
| २.४१ | यातायात व्यवस्था सेवा कार्यालय, सवारी चालक अनुमतिपत्र, भक्तपुर | ३५ | |
| २.४२ | यातायात व्यवस्था सेवा कार्यालय, सवारी चालक अनुमतिपत्र, सुकेधारा | ३५ | |
| २.४३ | यातायात व्यवस्था सेवा कार्यालय, सवारी चालक अनुमतिपत्र, ठूलो भर्याङ्ग | ३५ | |
| २.४४ | सडक डिभिजन, त्रिशुली, नुवाकोट | ३१ | |
| २.४५ | सडक डिभिजन, खुर्कोट, सिन्धुली | ३१ | |
| **जम्मा दरवन्दी संख्या** | | **८९४** | |

८. **सामाजिक विकास मन्त्रालय र अन्तर्गतका कार्यालयहरु तथा दरबन्दी विवरणः**

| क्र.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| ५. | **सामाजिक विकास मन्त्रालय** | **५४** | |
| ६. | **सामाजिक विकास मन्त्रालय अन्तर्गतका कार्यालयहरु** | **७८५** | |
| २.१ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, हेटौंडा। | ११ | |
| २.२ | शिक्षा विकास निर्देशनालय, हेटौंडा | ३५ | |
| २.३ | स्वास्थ्य निर्देशनालय, हेटौंडा | ३२ | |
| २.४ | शिक्षा तालिम केन्द्र, धुलिखेल | १७ | |
| २.५ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | १७ | |
| २.६ | स्वास्थ्य तालिम केन्द्र | १३ | |
| २.७ | स्वास्थ्य कार्यालय, दोलखा | १२ | |
| २.८ | स्वास्थ्य कार्यालय, सिन्धुली | १२ | |
| २.९ | स्वास्थ्य कार्यालय, काठमाण्डौं | १६ | |
| २.१० | स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | १२ | |
| २.११ | स्वास्थ्य कार्यालय, भक्तपुर | ११ | |
| २.१२ | स्वास्थ्य कार्यालय, रामेछाप | १२ | |
| २.१३ | स्वास्थ्य कार्यालय, रसुवा | ११ | |
| २.१४ | स्वास्थ्य कार्यालय, धादिङ्ग | १४ | |
| २.१५ | स्वास्थ्य कार्यालय, काभ्रेपलान्चोक | १४ | |
| २.१६ | स्वास्थ्य कार्यालय, नुवाकोट | १४ | |
| २.१७ | स्वास्थ्य कार्यालय, मकवानपुर | १४ | |

| क्र.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| २.१८ | स्वास्थ्य कार्यालय, ललितपुर | १४ | |
| २.१९ | स्वास्थ्य कार्यालय, चितवन | १४ | |
| २.२० | भक्तपुर अस्पताल, भक्तपुर | ९५ | |
| २.२१ | जिल्ला अस्पताल, रसुवा | १८ | |
| २.२२ | जिल्ला अस्पताल, सिन्धुपाल्चोक | ३० | |
| २.२३ | जिल्ला अस्पताल, रामेछाप | २२ | |
| २.२४ | हेटौंडा अस्पताल, मकवानपुर | ५९ | |
| २.२५ | धादिङ्ग अस्पताल, धादिङ्ग | ५९ | |
| २.२६ | त्रिशुली अस्पताल,नुवाकोट | ५९ | |
| २.२७ | सिन्धुली अस्पताल, सिन्धुली | ५९ | |
| २.२८ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, दोलखा | ७ | |
| २.२९ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रामेछाप | ७ | |
| २.३० | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सिन्धुली | ७ | |
| २.३१ | वाग्मती अञ्चल आयुर्वेद औषधालय, काठमाण्डौं | ६ | |
| २.३२ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रसुवा | ७ | |
| २.३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, धादिङ्ग | ७ | |
| २.३४ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, नुवाकोट | ७ | |
| २.३५ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सिन्धुपाल्चोक | ७ | |
| २.३६ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, काभ्रेपलाञ्चोक | ७ | |
| २.३७ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुर | ७ | |
| २.३८ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ललितपुर | ७ | |
| २.३९ | नारायणी अञ्चल आयुर्वेद औषधालय, मकवानपुर | ६ | |
| २.४० | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, चितवन | ७ | |
| | **जम्मा दरवन्दी संख्या** | ८३९ | |

| क्र.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| ९. | मुख्यन्यायाधिवक्ताको कार्यालय, हेटौंडा | ११ | |
| १०. | प्रदेश लेखा नियन्त्रकको कार्यालय | २० | |
| | **प्रदेश सरकार अन्तर्गतको स्थायी दरवन्दी संख्या** | ३७६० | |

**प्रदेश अन्तर्गत रहेका अस्थायी प्रकृतिका कार्यालय/निकायहरुको स्वीकृत तेरिज विवरण**

| क्र.सं. | कार्यालयको नाम | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|
| १. | प्रदेश नीति तथा योजना आयोग, हेटौंडा | २२ | मु.म तथा म.प.को २०७५/१२/१३ को निर्णयबाट |
| २. | घरेलु तथा साना उद्योग विकास समिति, रामेछाप | ७ | काजबाट |
| ३. | घरेलु तथा साना उद्योग विकास समिति, नुवाकोट | ११ | |
| ४. | घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुली | ९ | |
| ५. | घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुपाल्चोक | ९ | |
| ६. | घरेलु तथा साना उद्योग विकास समिति, दोलखा | ११ | |
| ७. | घरेलु तथा साना उद्योग विकास समिति, रसुवा | ८ | |
| ८. | पर्यटन विकास आयोजना, मकवानपुर | १५ | |
| ९. | औद्योगिक विकास प्रशिक्षण प्रतिष्ठान, चितवन | ० | |
| १०. | व्यवसायिक तथा सिप विकास तालिम केन्द्र, मकवानपुर | २५ | २०७५/७/१८ को दरबन्दी विवरण अनुसार अस्थायी /करार |
| ११. | व्यवसायिक तथा सिप विकास तालिम केन्द्र, धादिङ्ग | १४ | |
| १२. | रोजगार सूचना केन्द्र, हेटौंडा | ३ | |
| १३. | जनता आवास आयोजना, सिन्धुली | ८ | |
| १४. | जनता आवास आयोजना, काभ्रे | ११ | |
| १५. | जनता आवास आयोजना, नुवाकोट | ११ | |
| १६. | जनता आवास आयोजना, चितवन | १३ | |
| १७. | बाल सुधार गृह, मकवानपुर | ४ | |
| १८. | सार्वजनिक निर्माण इकाई, धुलिखेल | १७ | |
| १९. | सार्वजनिक निर्माण इकाई, गजुरी | १६ | |
| २०. | शहिद प्रकृति प्रतिष्ठान, थानकोट, काठमाडौं | | म.प. बै.श.६३/७५ मिति २०७५/१२/१४ को म.प.को.बैठक निर्णय |